# इस्मा गाउँपालिका

# २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम

## इस्मा गाउँपालिका

## इस्मा रजस्थल, गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु !**

२०७२ असोज ३ गते जारी नेपालको संविधान सँगै लागु भएका संघीय शासन प्रणाली अनुसार स्थापित तीन तहको सरकार अन्तर्गत लोकतन्त्रको महत्वपूर्ण र सुन्दर पक्ष आवधिक निर्वाचन अनुरुप स्थानीय तह निर्वाचन २०७९ का माध्यमबाट यस इस्मा गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भई कार्यभार सम्हालेको समेत दुई वर्ष पुगिसकेको छ र तेस्रो वर्षमा प्रवेश गर्दै गर्दा आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवबोध महशुस गरेको छु । ऐतिहासिक संविधान सभाबाट निर्मित नेपालको संविधान कार्यान्वयन गर्दै संघीयता संस्थागत गरी हामी विकास र समृद्धिको यात्रामा अगाडी बढ्ने चरणमा छौं ।

यस घडीमा सर्वप्रथम राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा भएका जनआन्दोलन एवम् विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वभीमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान भाव व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको योगदान स्मरण गर्न चाहन्छु ।

गत वर्ष २०८० असार ५ गते यस इस्मा गाउँपालिकाको १४ औं गाउँसभामा मैले प्रस्तुत गरेको नीति कार्यक्रम मार्फत सुशासन प्रवर्द्धन, महिला, दलित लगायत पछाडी परेका वर्ग तथा समुदायलाई क्षमता अभिवृद्धि गरी विकासमा मुल प्रवाहीकरण, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण सहित पकेट क्षेत्र विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा विपन्न वर्गको पहुँच र सुधार, घर घरमा सिप विकास गरी स्वरोजगार प्रवर्द्धन, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि, पर्यटन विकासमा जोड दिँदै समृद्ध इस्मा गाउँपालिका निर्माण गर्ने प्रतिबद्धता एवम् कार्यदिशा अगाडी सारिएको थियो। जुन हाम्रा चुनावी प्रतिवद्धता समेत हुन् ।

इस्मा गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरिएको थियो। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी तथ्य र तथ्याङ्कमा नतिजा ल्याउने सङ्कल्प गरिएको थियो। यिनै कार्यभार पुरा गर्न इस्मा गाउँपालिका एवम् स्थानीय सरकार काम गर्दैछ, नतिजा ल्याउदै छ; अगाडी बढ्दै छ ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान कटौती र न्युन आन्तरिक आम्दानीका बावजुद यस अवधिमा महत्वपुर्ण र उपलब्धिहरु हासिल भएका छन्। गाउँपालिका कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ, भौगोलिक जटिलतालाई ख्याल गरी घुम्ती सेवा प्रणाली विकास भएको छ। सेवा केन्द्रहरु विस्तार गरिएको छ भने सुशासनलाई विगतका भन्दा प्रभावकारी बनाई प्रवर्द्धन गरिएको छ ।

संविधानले दिएका अधिकारहरु प्रयोग गरी विगत दुई वर्ष भित्र आवश्यक कानुन तथा कार्यविधिहरु निर्माण भएका छन्। शिक्षा क्षेत्रमा गाउँ शिक्षा समिति गरी हरेक विद्यालयको वास्तविक अवस्था अध्ययन गर्ने प्रयत्न गरिएको छ। विद्यालय अनुगमन गरी विद्यालय/तह/कक्षा मर्ज गरिएको छ । गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणाधीन चरणमा छ । पालिकास्तरीय

चक्रपथको वडा नं. २ स्थित स्वामीरुखदेखि पनाहाघाट सम्म मात्रै ट्र्याक जोड्न बाँकी रहेको छ, जसलाई पुरा गरिनेछ । भौगोलिक विगटता रहेको वडा नं. ४ का माझिभिर र कोटकोटरी जाने बाटोका विभिन्न भागमा ढलान कार्य गरिएको छ भने अन्य सडकहरु क्रमशः स्तरोन्नति हुने दिशामा अगाडी बढेका छन्। विभिन्न वडा र टोलहरुमा कृषि पकेट क्षेत्र घोषणा गरी आधुनिक कृषि औजारहरु वितरण गरिएको छ । कृषक एवम् पशुपालक जनतालाई मध्यनजर गरी वडा नं. ३ रामकोटमा पशु सेवा केन्द्र र वडा नं. ६ को बुल्ममा कृषि सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ, यद्यपि रामकोटको सेवाकेन्द्र सन्तोषजनक नभएकोले अझै सुधार जरुरी छ ।  आर्थिक पारदर्शिताका लागि ठूला आयोजनाहरुलाई टेण्डर मार्फत गर्ने गरी अगाडी बढाइएको छ।

गाउँसभा सदस्यज्यूहरु,

विगत दुई वर्ष हाम्रो लागि सिकाईको सँगै उपलब्धिको अभ्यासको रुपमा रह्यो। यस बीचमा हामीले धेरै अनुभव लिने अवसर पाएका छौं भने केही कमी कमजोरीहरु पनि भएका छन्। अब हामीलाई कमी कमजोरीहरु दोहोर्याउने छुट छैन । विगत वर्षहरुमा निर्माण भएका नीति कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा देखिएका कमजोरी र समस्याहरुबाट पाठ सिक्दै नगरिकको आवश्यकता र चाहना एवम् गाउँपालिकाको उद्देश्य र लक्ष्य अनुसार साथै नेपाल सरकारको वि.स. २०८७ सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लगायत राष्ट्रिय नीति तथा लक्ष्यलाई समेत आधार मान्दै आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गरिएको छ । इस्मा गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँपालिकाबासी, आमाबुबा, दाजुभाई/दिदिबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शन

सभाका सदस्यहरु,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शन बारेमा जानकारी गराउन चाहन्छु ।

- संविधान एवम् प्रचलित कानूनी व्यवस्था
- दिगो विकासका लक्ष्यहरु
- श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको सिफारिस
- विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस
- राजश्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक श्रोत
- प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ
- संघीय सरकारबाट प्राप्त बजेट सिलिङ

- अर्थ मन्त्रालयको नीति तथा निर्देशन
- १६ औं पञ्चवर्षीय योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- लुम्बिनी प्रदेशको गाउँ सभा/नगर गाउँसभा (सञ्चालन कार्यविधि) ऐन, २०७६
- गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४
- गाउँपालिकाबाट पारित कार्य सम्पादन नियमावली, २०७४
- गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय, सल्लाह एवम् सुझावहरु
- गाउँपालिकामा हाल सम्म तर्जुमा भएका ऐन/नियमावली/ निर्देशिका/ मापदण्ड/ रणनीति/ कार्यविधि
- अनुभव तथा सिकाई

## चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण

सभाका सदस्यहरु, अब म चालु आ.व.का हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

- वैशाख ९, १० र १९ गते इस्मा क्षेत्रको ताल्तुङ, सिदुङ्खा, कोटकोटेरी, मड्किना, बुल्म, बस्नौटा, दर्लामचौर र बौवामा आगलागी भई क्षति भएको बेहोरा अवगत नै छ । उक्त आगलागीबाट पीडितहरुको लागि सुरक्षित नीजि आवास निर्माणका लागि आगलागीबाट क्षति भएका जम्मा २७ घरपरिवारलाई तत्काल प्रतिपरिवार रु १ लाख उपलब्ध गराइएको छ ।
- आगलागीबाट नष्ट भएका २७ निजी आवासमध्ये निर्माण कार्य सुरु भई १३ घर निर्माणको अन्तिम चरणमा रहेको ।
- आगलागी पीडितहरुको लागि तत्काल राहत सामाग्री, विद्यार्थीहरुको लागि शैक्षिक सामग्री पुशहरुको लागि पशुआहार वितरण गरिएको ।
- पालिका भरी नै पशुपंक्षीहरुमा लाग्ने महामारी रोग नियन्त्रणको लागि विभिन्न किसिमका खोप संचालन तथा रोग निदान कार्यक्रम
- कृषि तथ्याङ्क व्यवस्थापन लागि किसान सूचीकरण कार्यक्रम वडा नं. २ र ४ मा सम्पन्न
- इस्मा भरीका किसानहरुलाई मागको आधारमा ५० प्रतिशत अनुदानमा माहुरी घार सेट वितरण गरिएको ।
- कृषकको लागि उन्नत जातका तरकारीका बिउ वितरण, साना यन्त्र उपकरण (५० प्रतिशत अनुदान) वितरण, पलाष्टिक टनेल वितरण र बाली संरक्षण कार्यक्रम सम्पन्न
- पिछडीएका वर्गको उत्थानको उद्देश्य अनुरुप वडा नं. ६ को कुमालबस्ती बुल्ममा ४१ घरधुरीलाई टनेल निर्माण गराइएको ।

- न्यायिक समिति तर्फ यस आ.व.मा दर्ता भएका १५ वटा उजुरीहरु मध्ये १३ वटा उजुरीको मेलमिलाप माध्यमबाट किनारा लगाइएको छ। एउटा उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाइएको छ भने एउटा उजुरी फछर्यौट हुन बाँकी रहेको छ।
- आधारभूत मेलमिलाप तालिम मार्फत २५ जना मेलमिलाप कर्ता तयार गरी प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ।
- एकिकृत घुम्ती शिविरबाट २४३४ जना सेवाग्राहीहरुलाई विभिन्न शाखाबाट सेवा प्रदान गरिएको छ।
- गाउँसभाका सदस्यहरु, स्थानीय शासन प्रक्रियाको तह र तप्कामा जवाफदेहिता एवम् सुशासन प्रवर्द्धन गर्दै दिगो विकासका लक्ष्य, सोह्रौ पञ्चवर्षीय योजना, संघीय र प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, आवधिक योजनासँग तादम्यता कायम गर्ने उद्देश्य स्वरुप नीतिमा आन्तरिकिकरण गर्ने कोसिस गरिएको छ।
- स्त्री रोग निवारणका लागि पालिका भित्रका सम्पूर्ण वडाका प्रजनन उमेर समूहका महिलाहरुको लागि निशुल्क सेनेटरी प्याड वितरण गरिएको छ जुन अत्यन्तै प्रभावकारी भएको छ।
- सुत्केरी पोषण वितरण गरिएको छ।
- ८० वर्ष माथिका जेष्ठ नागरिक र क तथा ख वर्गका अपाङ्गता भएकाहरुलाई घरघरमा गई स्वास्थ्य परीक्षण गरिएको छ।
- आर्थिक रुपमा विपन्नलाई जीविकोपार्जन तथा उपचारको लागि नागरिक सहायता उपलब्ध गराइएको।
- गर्भवती महिलाहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा पहुँचमा वृद्धि गरिएको।
- निशुल्क वृहत स्वास्थ्य शिविरबाट ४१४८ जना सेवाग्राहीहरुलाई विशेषज्ञ सहितको सेवा प्रदान गरिएको। नोबेल अस्पताल काठमाण्डौंसँग समन्वय गरी आवश्यक ६३ जना विरामीलाई काठमाण्डौंसम्म जाने व्यवस्था साथै बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ।
- प्रत्येक वडाहरुमा अपाङ्गता परिचय पत्र शिविर सञ्चालन गरी अपाङ्गत परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गरिएको।
- महिला क्षमता अभिवृद्धि तथा सशक्तीकरण सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- कक्षा ११ र १२ मा संविधानको अवधारणा अनुरुप निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- सामुदायिक विद्यालयहरुमा प्रसुति बिदा/ प्रसुति स्याहार बिदा/ अध्ययन बिदा/ अन्य बिदा वा विभिन्न कारणले आंशिक रुपमा रिक्त हुने शिक्षक पदमा गाउँपालिकाको तर्फबाट स्वयम् सेवक शिक्षक व्यवस्थापन।
- स्थानीय पाठ्यक्रम निर्माण गरी लेखन कार्य सकाइ त्यसबाट पठनपाठन सुरु गरिएको।
- युवाहरुको लागि इस्मा कप/राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरिएको।

- गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुको स्थलगत अध्ययन तथा अनुगमन गरी विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित तथ्याङ्कको सङ्कलन गरी विद्यालय/कक्षा/तह समायोजनका लागि कार्यदल गठन गरी दरबन्दी मिलान समेत गरी आवश्यक ठाउँमा दरबन्दी पठाइएको छ।
- पुष्प खेती कार्यान्वयन गरी गाउँपालिका पुष्पमा आत्मनिर्भर बनेको।
- खानेपानीको समस्या वडा नं. २, ३, ४, ५ र ६ का केही भागहरु पालुखा, ताल्तुङ, बुल्म, हुल खग्रेटा, बाँझ, दरिनढुंगा, दोहली, दर्लामचौर लगायतका ठाउँमा पनि समस्या देखेपछि निस्ति बृहत खानेपानी मार्फत ४ र ५ वडालाई लक्षित गरी ४१५ र वडा नं. ३ मा २१५ घरधुरीमा प्लेटफर्म सहित एक घर एक धारा निर्माण कार्य सम्पन्न गरिएको छ। सोही ठाउँमा २५००० मिटर पाइपलाइन खन्ने पुर्ने काम सम्पन्न भएको छ।
- खानेपानी समस्याको समाधानका लागि इस्माकोट मुनि डिस्ट्रिव्युसन च्याम्बर निर्माण गरिएको र मौलिपोखरीमा १२ घ.मि. **F.C.T.** टंकी र देउरालीमा ५ घ.मि. घेराबार सहित निर्माण भएको।
- वडा नं. २ को आधारभूत स्वास्थ्य चौकी निर्माणधीनको अन्तिम चरणमा रहेको छ।
- ऐतिहासिक इस्माकोट निर्माण घेराबार, टिकटघर, गोलघर प्रतिक्षालय, रागा पाठा बली काटमार गर्ने स्थान र रानी कपाल कोर्ने ठाँउ इनारको पुनर्निर्माण कार्य सम्पन्न गरिएको।
- वडा नं. १ मा कम्तिमा ५० घरधुरीका लागि आरसी सी ढलान, खेतीयोग्य जमिन संरक्षणको लागि बाँध निर्माण गरिएको।
- निर्माणाधीन गाउँपालिका स्तरीय चक्रपथ लागि नयाँ ट्रयाक खोल्ने र पहिरो व्यवस्थापन कार्य अगाडी बढाएको।
- इस्मा गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन ५ वा ५ भन्दा बढी दुहुना गाई /भैंसी पाल्ने व्यक्ति / फर्म लाई मासिक रू. १०, ००० प्रदान गरिएको।
- सामजिक सुरक्षा भत्ता लिन स्वयं बैकमा जान नसक्ने लाभग्राहीको संरक्षक कायम गरी संरक्षक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको।
- ५५ वर्ष माथिका एकल पुरुष र अविवाहित महिलालाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको।
- टोल टोलमा सामाजिक सुरक्षा भत्ता वितरण।
- परिचयपत्र नवीकरणका लागि इमेल मार्फत निवेदन दिन सक्ने व्यवस्था मिलाइएको।
- इस्माकोट, इस्मा प्रहरी चौकी, जैढुङ्गा विपि पार्क र छल्दीटारी आधारभूत स्वास्थ्य चौकी जग्गा यकिन गरिएको।
- यस गाउँपालिका भित्रका विभिन्न वडाबाट प्राप्त निवेदन अनुसार १७ जना जग्गाधनीहरुको जग्गाको साँधसिमाना छुट्टाइएको।
- भूमिहिन, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उनीहरुले भरेका निवेदनको आधारमा जिल्ला भूमि आयोगको समन्वयमा निस्सा वितरण गरिएको।

- यस गाउँपालिका भित्र रहेका सरकारी र सार्वजनिक जग्गाहरुको नापी कार्यालयबाट नापी नक्सा लिई पालिकाको रेकर्डमा राखिएको।

## आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु

सभाका सदस्यहरु,

Voluntary Local Review (VLR) स्वेच्छिक स्थानीय समिक्षा मार्फत दिगो विकासका लक्ष्यहरुको उपलब्धी प्राप्त भएको अवस्थाको मूल्याङकन गरी थप कार्यान्वयनमा सघाउ पुर्याउने उद्देश्यले विपन्न, पिछडीएका एवम् प्राकृतिक प्रकोप पीडित तथा सिमान्तकृत समुदायको प्रत्यक्ष संलग्नतामा VLR गर्ने र यसका लागि विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी एवम् गैरीसरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने गरी आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु सम्मानित सभामा प्रस्तुत गर्दछु।

**क. खानेपानी**
**ख. पर्यटन**
**ग. शिक्षा**
**घ. स्वास्थ्य**
**ङ. पूर्वाधार अन्तर्गत सडक विकासका लागि निकास भित्री चक्रपथको स्तरोन्नति**
**च. खेलकुद**

## क्षेत्रगत नीतिहरु

सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु सम्मानित सभामा प्रस्तुत गर्दछु।

### १. आर्थिक विकास

इस्मा गाउँपालिकाको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन आर्थिक विकासको नीति कार्यक्रम तथा योजना तर्जुमा गरी श्रोत साधन केन्द्रित बजेट परिचालन गर्नु आजको मुख्य आवश्यकता हो। मानिसको दैनिक उपभोग्य वस्तुहरु बाहिरबाट आयात हुने एवम् स्थानीय उत्पादनको कमी हुने उत्पादन भएका वस्तुको बजारीकरणमा किसान पहुँच नहुने जस्ता तमाम समस्याहरु हाम्रो जस्तो कृषि पेशामा आधारित अर्थतन्त्रमा आर्थिक विकासका लागि थुप्रै चुनौतीहरु देखा परेका छन्। स्थानीय कच्चा पदार्थको उपयोग एवम् दक्ष जनशक्तिको अभावमा स्थानीय स्तरका साना मझौला र ठूला उद्योगहरुको स्थापना गर्न सकिएको छैन। तसर्थ अब स्थानीय आर्थिक विकास ऐन (Local Economy Development) को अवधारणालाई आत्मसात गरी युवाहरुलाई उद्यममा प्रोत्साहित गरिनेछ।

अब सहकारी मार्फत कृषकहरुलाई आत्मनिर्भर बनाउँदै व्यवसायिकतामा जोड दिन जरुरी छ। स्वाधीन, समुन्नत समृद्ध तथा समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्याय सहितको लोककल्याणकारी राज्य स्थापना गर्ने नेपालको संविधानको लक्ष्यलाई आत्मसात गर्दै उत्पादनशील रोजगारउन्मुख न्यायपूर्ण वितरण, गरीबी न्यूनीकरण गर्दै उच्च आर्थिक वृद्धिदर कायम गरी  सामाजिक एवम् आर्थिक रुपान्तरण गर्ने उद्देश्य लिइएको छ। समुन्नत नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै "**समृद्ध इस्मा खुसी इस्माली**" भन्ने अभियानलाई सार्थक बनाउनको लागि श्रम, सीप प्रविधि र पूँजीको व्यवस्थित परिचालन गर्नुपर्दछ। गरीबी, भोकमरी, असमानता आदिको अन्त्य गरी दिगो विकास गर्नको लागि जल, जमिन, जङ्गल, जडिबुटी र जनशक्तिको उचित प्रयोग र परिचालन गर्दै कृषि, पशुपालन, पर्यटन, व्यापार/व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ। आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ।

## १.१. कृषि विकास

१. अति विपन्न नागरिकहरूको जीवनस्तर उकास्न खाद्य सुरक्षा तथा पोषणमैत्री वातावरण सुनिश्चित गर्न तरकारी र फलफूल प्रयोग इस्माली नागरिकको भान्सामा स्थानीय तरकारी प्रयोगमा प्रोत्साहन गर्नका निम्ति तरकारी तथा फलफूल खेती प्रवर्द्धन गरिनेछ।

**२.** कृषि प्राविधिक र पशु प्राविधिकको सेवालाई कार्यालयको कक्षमा कम जनताको घर दैलोमा बढी खटाइनेछ। उनीहरूलाई मासिक रूपमै कृषि/  पशुपंक्षी पालन फर्म/ व्यवसायको फिल्डमा खटाइनेछ। "**एक वडा, एक प्राविधिक**" को  निरन्तरता दिइनेछ। रामकोटको पशु सेवा केन्द्रमा कर्मचारी स्थायी रहने व्यवस्था गरिनेछ।

३. कृषकको कृषि उपजलाई संरक्षणमा सघाउ पुर्याउनको लागि जंगली जनावरको आतंकलाई नियन्त्रण सम्बन्धी कार्यक्रमका लागि पहल गरिनेछ।

४. पालिका भित्र **Soil Health And Scheme** लागु गरी माटो परीक्षणको आधारमा उत्पादकत्व बढाउन तथा कृषकलाई बाली र उत्पादन सम्बन्धी आवश्यक परामर्श दिने माटो परीक्षण ल्याबको (Soil Test Lab) स्थानीयकरण गरी सो सेवा वडा वडामा पुर्याइनेछ।

५. गरीब, अति विपन्न, उपेक्षित र वञ्चितिकरणमा परेका पारिएका समुदायको पहुँच र क्रयशक्ति अनुरुप **सुपथ/पैचो सहकारी पसल** व्यवस्थापन गर्न थप प्रोत्साहित गरिनेछ।

६. इस्मा गाउँपालिकाका सम्पूर्ण **कृषकहरुलाई सफ्टवेयर** माध्यमबाट यस वर्ष इस्मा गाउँपालिकाका बाँकी रहेका वडाहरुका कृषकको सूचीकरण गर्ने कार्यलाई पूर्णता दिइनेछ।

७. कृषि क्षेत्रलाई प्रोत्साहन गर्न किसानहरुलाई मागका आधारमा प्राविधिक अनुगमन पछि कृषिजन्य सामग्री ५० देखि ७५ प्रतिशत सम्म  (मिनी टिलर, चाफ कटर, कर्न सेलर, थ्रेसर, टनेल,Sprayer, प्लास्टिक पोखरी आदि) **अनुदान**मा दिइनेछ। कृषि क्षेत्रलाई प्रोत्साहित र सम्मानित गर्न **उत्कृष्ट किसान**लाई **सम्मान** गरिनेछ।

८. **अपाङ्गता भएका** व्यक्तिहरुलाई र वञ्चितिकरणमा परेका पारिएका व्यवसायिक मौरीपालन र मह उत्पादनका लागि तालिम सञ्चालन गरी **मौरी घार** समेत वितरण गरिनेछ। उत्पादित **मह बजारीकरणको** लागि प्रोत्साहित गरिनेछ।

९. विदेश र देशभित्रबाट जन्मभूमि इस्मा **फर्केका युवालाई कृषि र पशुपालन व्यवसाय** प्रोत्साहन गरिनेछ।

१०. रैथाने लोपन्मुख बालीहरु (जस्तै कोदो, लट्टे, जुनेलो, घैया, तिते फापर, जौ, उवा) जस्ता बालीहरुको बिउविजन संकलन र व्यवस्थापन गरी उक्त बालीहरुको उत्पादन र संरक्षण गर्नुका साथै ती बालीहरु लगाउन कृषकलाई प्रोत्साहन गरिनेछ। हाम्रो रैथाने बाली कोदोको उत्पादन गर्दा श्रम लागत अत्यन्त बढी हुने भएकाले उत्पादनका आधारमा प्रोत्साहित गरिनेछ।

११. प्राकृतिक प्रकोपबाट हुने बाली एवम् पशुजन्य क्षतिको राहतको लागि **कृषि एवम् पशु उपज संरक्षण कोष** स्थापना गरिनेछ।

१२. गुणस्तरीय खाना उत्पादनमा स्वच्छता नीति अवलम्बन गर्दै प्राङ्गारिक उत्पादनलाई जोड दिइनेछ।

१३. **"स्थानीय सरकारको साझेदारी: बाँझो रहन्न खेतबारी"** भन्ने भनाईलाई आत्मसात गर्दै गाउँपालिका भित्रको बाँझो जग्गालाई उत्पादनशील बनाउनको लागि **बाँझो जग्गामा एकीकृत रुपमा खेती** गर्ने व्यक्ति वा समूदायलाई चक्लाबन्दी बनाउनका लागि/कृषि अनुदानका लागि सहयोग गरिनेछ।

१४. उखु खेतीलाई प्रोत्साहन गर्न उखु प्रवर्द्धन कार्यक्रम सुरु गरिनेछ। साथै **एक वडा एक फलफूल बगौँचा**को अवधारणा अनुरुप लिचि आँप लगायतका फलफूल खेतीतर्फ आकर्षित गरी भविष्यमा ती स्थलको नाम फलफूलको आधारमै चिनारी हुने गराइनेछ।

## १.२. पशुपंक्षी विकास

१. पशुपंक्षीबाट मानिसमा सर्ने महामारी रोग नियन्त्रण तथा रोकथामका लागि आवश्यक व्यवस्थापन गरिनेछ। यसका लागि घरपालुवा तथा भुस्याहा कुकुरहरुलाई **रेबिज खोप** लगाउने एवम् भुस्याहा कुकुरहरुको **बन्ध्याकरण** गर्ने, पशुपन्क्षी रोगको **अन्वेषण, सङ्कलन तथा रिपोर्टिङ्ग** गरिनेछ।

२. पशुहरुका लागि खोप तथा औषधीको व्यवस्था, खोर एवम् गोठ सुधार कार्यक्रम, नश्ल सुधारको माध्यमबाट दुध र मासुको उत्पादन बढाउनको लागि **कृत्रिम गर्भाधान** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन व्यवसायिक गाई तथा भैंसीपालन गर्ने व्यक्ति/फर्म/समूहलाई **हेरालु व्यवस्था**का लागि संख्याको अनुपातमा अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ। उन्नत जातका भैसी प्रवर्द्धन कार्यक्रम गरिनेछ।

४. पशुपालन व्यवसायलाई प्रतिस्पर्धी र सम्मानित पेशाको रुपमा विकासित गर्न **उत्कृष्ट पशुपालन कृषक पुरस्कार** कार्यक्रमको व्यवस्था गरिनेछ।

५. कृषकहरुलाई **पशु विमा र बाली बिमा निःशुल्क** रुपमा व्यवस्था गर्न व्यवस्था मिलाइनेछ।

६. व्यवसायिक माछापालनको प्रवर्द्धन गर्न **यन्त्र उपकरण** तथा **माछा भुरामा शत प्रतिशत अनुदान** कार्यक्रम सञ्चालन गरिनेछ।

७. **गोठदेखि ओठसम्म कार्यक्रम**लाई प्रभावकारी रुपमा सञ्चालन गर्न लागत साझेदारीमा **भकारो सुधार कार्यक्रम** सञ्चालन गरिनेछ।

८. गाउँपालिकाभित्र नियमित औषधी वितरण, महामारी विरुद्धको खोप सेवा, समयसमयमा पशु सेवा घुम्ती शिविर र बाझोपन निवारण शिविर सञ्चालन गरिनेछ ।
९. गाउँपालिकालाई **अण्डामा आत्मनिर्भर** बनाउन **व्यवसायिक एवम् ग्रामीण कुखुरा पालन**लाई जोड दिइनेछ ।
१०.पशुहरुमा पि.पि.आर., रेविज, खोरेत र लम्कीस्किन लगायतका आवश्यक खोपको व्यवस्था गरिनेछ ।

## १.३. पर्यटन विकास

यस आर्थिक वर्षमा इस्माकोटमा पचास हजार पर्यटक भित्र्याउन घुमौं इस्माकोट अभियान सञ्चाल गरिनेछ । गोर्खा राज्यले एकीकरण अभियान आरम्भ गरेपछि गुल्मी जिल्लाभित्रका अन्य तत्कालिन चौविसे राज्यहरुले आत्मसमर्पण गरेको तर इस्मा राज्यले मात्रै विरता एवम् दृढतापूर्वक प्रतिक्षा गरी युद्ध गरेको सुन्न पढ्न पाइन्छ ।

विर योद्धाहरु शंकर राना र हरीमाने सार्कीले भिषण युद्ध गरेको इस्माको गाथा वीरहरुको कथा हामीले सबै बताउँदै आन्तरिक तथा बाह्य पर्यटक आकर्षिक गर्नुपर्दछ । सोही अनुसार गरिनेछ ।

१. साथै इस्मा भित्रका धार्मिक, ऐतिहासिक, साँस्कृतिक र आकर्षक स्थलहरुलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ । ऐतिहासिक तथा धार्मिक महत्व बोकेका इस्माकोट दरबार, देउराली पार्क, थामका गढी, जैढुङ्गा **बी.पी. (B.P.)** पार्क, देउराली गुफा इस्मा १, देउराली पर्यटन क्षेत्र इस्मा ४, अमरपुरकोट, उज्जुङ्कोट, रामकोट, थामकागढी लगायतका क्षेत्रहरुमा आवश्यक पूर्वाधार थप गरिनेछ ।
२. आन्तरिक तथा बाह्य पर्यटकलाई समेत आकर्षित गर्न **इस्माकोट** वरिपरिको स्थलमा आवश्यक संरचना निर्माण गरिनेछ । इस्माकोटको परिसरमा घेराबार र गेट, बली दिने स्थल, प्रतीक्षालय, पुरानो कुँवा, रानीले कपाल कोर्ने ठाँउको पुर्ववत स्वरुप नबिग्रिने गरी निर्माण तथा पुनर्निर्माण गरिएकोमा अब दर्शनार्थीको लागि पिउने पानी धारा, शौचालय, पुरानो जिर्ण पर्खाल मर्मत, झण्डा, पदमार्ग, मूर्ती ढोकाकोमुखबाट माथिको बाटो ग्राभेल कार्यलाई अगाडी बढाइनेछ ।
३. इस्मा गाउँपालिकाका वडा नं. ४ स्थित देउराली पार्कलाई पिकनिक स्पोट पर्यटकीय र चिल्ड्रेन पार्कका रुपमा सुनिश्चित गर्न आवश्यक पूर्वाधार थप गरिनेछ । वि.सं. १५५० देखि १८४३ सम्म इस्मा चौविसे राज्य हुँदा प्रमुख मार्ग र सैनिकहरुको प्रशिक्षण स्थल वडा नं. ३ को थामाकागढीलाई प्रर्यटकीय केन्द्र बनाउन पूर्वाधार निर्माण गरिनेछ ।
४. इस्माका मूर्त-अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज संरक्षण, संम्बर्द्धन एवं विकास गरी इस्मालाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकाश गरिनेछ।
५. इस्माको छवि स्थापित गर्न इस्मालाई समष्टिगत एवं पर्यटकीय सम्पदा र पर्यटकीयस्थल अनुरुप उचित तवरले "ब्रान्डिङ" गर्दै लगिनेछ।
६. पर्यटन गतिविधिहरु बारे जनचेतना जगाउँदै इस्मा २ छल्दीमा माघीमेला कार्यक्रम जनस्तरको सहभागिता संञ्चालन गरिनेछ । स्थानीयस्तरको अग्रसरता र आयोजनामा हुने यस्ता कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने र क्यालेण्डरमा समावेश गरी अन्य प्रवर्द्धन कार्यमा सहयोग पुर्याउने निति लिइने छ।

७. ग्रामिण क्षेत्रका स्थानीय नागरिकलाई स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने ग्रामिण पर्यटन पुर्वाधारको दिगो विकास गरिनेछ।
८. स्थापित पर्यटकीय सम्पदाका साथै ग्रामिण क्षेत्रमा विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत प्रचार-प्रसार गरिनेछ।
९. स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागर हस्तकला तथा अन्य उपहार सामग्रीको विक्री वितरणको लागी बजार व्यस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।
१०. पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध कृयाकलाप र गतिविधि अपनाइने छ ।
११. पर्यटनको महत्व र त्यसबाट प्राप्त हुने लाभका विषयमा आम जनमानसममा चेतना जगाउन श्रव्यदृष्य लगायत अन्य उपयुक्त माध्यमबाट जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।
१२. विभिन्न जातजातिहरुका लागि मौलिक सांस्कृतिक पर्यटनलाई जोड दिने क्रियाकलापहरुको सञ्चालनमा जनसमुदायलाई प्रोत्साहन गरिनेछ । सबै वडामा पञ्चेबाजा वितरण गरिनेछ ।
१३. पर्या-पर्यटनलाई प्राथमिकता दिइनेछ।

## १.४. उद्योग व्यापार तथा व्यवसाय

१. गाउँपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका स्थानीय सीप, कला, स्थानीयलाई रोजगारी दिने र वातावरण प्रतिकूल असर नगर्ने प्रकृतिका उद्योग स्थापना गर्नेहरुलाई **वर्ष व्यवसाय कर छुट** दिने नीति लिइनेछ ।
२. स्थानीय उत्पादनलाई बढोत्तरी गरी रोजगार सृजनाका लागि दर्लामचौरमा रहेको औद्योगिक ग्रामको पूर्वाधार विकास गरिनेछ ।
३. गाउँपालिका भित्र घरेलु तथा कुटिर उद्योग, जुत्ता, ब्याग, लगायतका उद्योगधन्दा स्थापना र सञ्चालन गर्नको लागि लक्षित वर्गका व्यवसायीहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।
४. परम्परागत हस्तकलामा आधारित माटोको भाँडा बनाउने **(Ceramics) उद्योग**लाई थप व्यवस्थित गरी गुणस्तरीय उत्पादनमा प्रोत्साहन गरिनेछ । गाउँपालिकाद्वारा आयोजना हुने कार्यक्रमहरूमा अतिथिलाई प्रदान गरिने मायाको चिनोका रुपमा इस्माकोट प्रतिमा सोही सेरामिक्स उद्योगमा निर्माण गर्न प्रोत्साहित गरिनेछ ।
५. परम्परागत सीप, स्थानीय कच्चा पदार्थ एवम् **बाँससजन्य** वस्तुद्वारा उत्पादित सामग्री जस्तैः डोका, नाम्ला, दाम्ला, डाला, मान्द्रा, थुङ्से, हलो, जुवा लगायत सामग्रीको **निर्माण र बजारीकरणका** लागि गाउँपालिकाद्वारा प्रोत्साहित गरिनेछ ।
६. पलाष्टिक माला र फूलमाला आयात प्रतिस्थापन गर्नको लागि **पुस्प खेती (Floriculture)** गर्ने व्यवसायी उद्यमीलाई GI टनेलको व्यवस्था मिलाइनेछ ।
७. अति विपन्न दलित परिवारका नागरिकलाई आयआर्जन सँग जोड्न परम्परागत आरन सुधार मार्फत प्रोत्साहन गरिन्छ ।
८. अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा २० प्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ ।

## १.५. सहकारी सम्बन्धी नीति

१. गाउँपालिका अन्तर्गत सञ्चालित सहकारी संस्थाहरुको आर्थिक पारदर्शिता र दिगोपनाको लागि सफ्टवेयरद्वारा उचित व्यवस्थापन, नियमन तथा सञ्चालन गर्न **अध्यक्ष र व्यवस्थापकहरूलाई** PPMO तालिमलाई निरन्तरता दिइनेछ।

२. परम्परागत घरेलु तथा लघु उद्यमहरुको विकास गर्न सहकारी मार्फत प्रयोग गरी युवाहरुमा उद्यमशीलता विकास गर्नका निम्ति सहकारीको पहुँच र **रासायनिक मल वितरणलाई टोल-टोलमा** विस्तार गर्ने व्यवस्था गरिनेछ।

३. गाउँपालिका भित्र रहेका सहकारीहरुको **Reporting/Monitoring** लाई सबलीकरण गर्दै मासिक रुपमा विवरण बुझाउनु पर्ने व्यवस्था गरिनेछ।

४. सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्रलाई प्रभावकारी रुपले परिचालन गरिनेछ।

५. सहकारीको मूल्य मान्यता र सिद्धान्तहरुको परिपालना र अनुशरण गराउनुको साथै सदस्यहरुको चेतना र अभिवृद्धि गर्न सहकारी शिक्षा तालिम तथा व्यवस्थापकीय क्षमता बढाउनको लागि सहकारीका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न सहकारी सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

६. **विगत २ वर्षदेखि नियमित रुपमा लेखा परीक्षण वार्षिक साधारण सभा नगरेका** तथा गाउँपालिकामा नियमित रुपमा प्रतिवेदन नबुझाएका सहकारी संस्थाहरुले आगामी **आ.व.को पुष मसान्तभित्र** उल्लेखित कार्य नियमित नगरेमा त्यस्ता **सहरकारी संस्था खारेजीको प्रक्रिया** अगाडी बढाइनेछ।

७. आगामी आ.व. भित्र गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुलाई **सहकारी तथा गरीबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(COPMIS)** मा आवद्ध गराई नियमित रुपमा तथ्यांक प्रविष्टि तथा प्रतिवेदन गर्न लगाइनेछ।

८. सहकारी संस्थाहरुको साझेदारीमा **नेतृत्व विकास कार्यक्रम** सञ्चालन गरिनेछ।

९. सहकारी संस्था सम्बन्धी स्थानीय नीति कानून र मापदण्ड निर्माणमा कार्यान्वयन र नियममा जोड दिइनेछ।

१०. **कम पुँजी र समान उद्देश्य** भएका सहकारीलाई **एकीकरण** गर्न प्रोत्साहन गरिनेछ।

११. सहकारीको मूल्यमान्यता र सिद्धान्तहरुको परिपालना र अनुशरण गराउनुको साथै सदस्यहरुको चेतना अभिवृद्ध गर्न सहकारी शिक्षा तालिम तथा व्यवस्थापकीय क्षमता बढाउनको लागि सहकारीका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न सहकारी सम्बन्धी **क्षमता अभिवृद्धि र वित्तीय साक्षरता सम्बन्धी तालिम** सञ्चालन गरिनेछ।

## १.६. गरीबी निवारण सम्बन्धी

१. गरीबीको रेखामुनि रहेका घरपरिवारहरुको पहिचान, तथ्याङ्क अद्यावधिक गरी आर्थिक गतिविधि तथा रोजगारीमा प्राथमिकतामा राखिनेछ।

२. गुल्मी जिल्ला अन्तर्गतका क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने इस्मा गाउँपालिकाका **गरिब तथा अति विपन्न विद्यार्थी**का लागि नदोहोरीने गरी **छात्रवृत्ति** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. भूमिहिन सुकुम्बासीहरुको पहिचान गरी न्यूनतम जिविकाको लागि जग्गा उपलब्ध गराउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ। साथै **भूमिहिन सुकुम्बासीका बालबच्चाको अध्ययन**मा आवश्यक सहयोग गरिनेछ।
४. अति विपन्न घरपरिवारको जिवनयापन र जिवनस्तर सुधार गर्नको लागि **फलफूल तथा तरकारी खेती**का तर्फ प्रोत्साहन गरिनेछ।
५. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत **मौरीपालन**लाई प्रोत्साहन गरिनेछ।
६. विपद् प्रभावित तथा पीडितको उत्थानका लागि **पशुपालन तथा तरकारी खेती**मा संलग्न गराइनेछ।

## २. सामाजिक विकास

### २.१. शिक्षा सम्बन्धी नीति

१. इस्मा गाउँपालिका भित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि शैक्षिक वर्ष २०८१ लाई विषयविज्ञ सहित अनुगमन **वर्ष**को रुपमा अघि बढाइनेछ। शिक्षा शाखाद्वारा हरेक **विद्यालयमा आवधिक अनुगमन** तालिका तयार गरी अनुगमन गरिनेछ।
२. **"इस्माली परिश्रम इस्मामा उद्यम"** अवधारणा अनुसार स्थानीय पाठ्यक्रममा समावेश गरिएको पढ्दै कमाउँदै, पढ्दै काम गर्दै कार्यक्रम अन्तर्गत विद्यार्थीहरुले तयार पारेको सामाग्री उत्पादनको खरिद तथा बजारीकरणको व्यवस्था मिलाइनेछ।
३. **प्राविधिक शिक्षा** अध्ययनमा विद्यार्थीहरूलाई प्रोत्साहित गर्नका निम्ति हिमालय माध्यमिक विद्यालयबाट कृषि अध्ययन पूरा गरेका सर्वोत्कृष्ट १ जना विद्यार्थीलाई **कृषि प्राविधिकको रुपमा करार नियुक्ति**लाई निरन्तरता दिई बस्तीस्तरका **कृषक तालिममा** खटाइनेछ।
४. शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका निम्ति **कम्प्युटर सम्बन्धी तालिम** प्रदान गरिनेछ।
५. बालविकास कक्षामा मन्टेस्वरी विधिद्वारा बालमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ।
६. सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा पुर्याउने, विद्यालय व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गरिने र **विद्युतीय हाजिरी** व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा लागु गरी विद्युतीय हाजिर बमोजिम **मासिक तलब भुक्तानी**को व्यवस्था मिलाइनेछ ।
७. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न भूगोल, विद्यार्थी संख्या आदिको आधारमा **कक्षा, तह** वा **विद्यालय समायोजन** तथा दरबन्दी मिलान गरिनेछ।
८. कक्षा ५, ८, १० र १२ को समष्टिगत नतिजाको आधारमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विषय शिक्षक र विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ।

९. विद्यार्थीलाई सिर्जनशीलता र नवप्रवर्तन तर्फ डोर्याउनका निम्ति शिक्षकले विद्यार्थीहरूलाई प्रत्येक चौमासिक रुपमा एउटा सिर्जनशिल शैक्षिक सामग्री निर्माण गराउनु पर्नेछ।

१०. विद्यालय सुधारका असल अभ्यासहरू **साटासाट** गर्न विद्यालय व्यवस्थापन समितिको **अध्यक्ष र प्रधानाध्यापक**हरूको नमूना विद्यालय **अवलोकन/अनुगमनकार्य**को थालनी निन्तरता दिइनेछ।

११. बालमैत्री शिक्षण सिकाईका लागि आवश्यक शैक्षिक सामग्री व्यवस्थापन सहित बालमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन गरिनेछ।

१२. शैक्षिक सामग्री सहितको शिक्षणलाई प्रोत्साहन सहितको अन्तर विद्यालय शैक्षिक सामग्री प्रर्दशनीको कार्यलाई जोड दिइनेछ।

१३. विद्यालयहरुको व्यवस्थापन सुधार तथा शैक्षिक अभिवृद्धिका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिनेछ।

१४. विद्यालयप्रति विद्यार्थी शिक्षक, अभिभावक, विद्यालय र पठनपाठनप्रतिको सकरात्मक धारणा सहित जवाफदेहिता सहितको कार्यलाई जोड दिइनेछ।

१५. प्रार्थना व्यवस्थापन, असल विद्यार्थी र अभिभावक्तव सम्बन्धी उत्प्रेणा कार्यक्रमलाई जोड दिइनेछ।

१६. व्यवस्थित र प्रभावकारी शिक्षण सिकाईका लागि प्रोत्साहन गर्न शैक्षिक कार्ययोजना र शैक्षिक क्यालेण्डरको निर्माण गरी इस्मा गाउँपालिकाको शिक्षालाई वार्षिक रुपमा व्यवस्थित गर्दै अगाडी बढाइनेछ।

१७. इस्मा गाउँपालिकाका विद्यालयमा लामो समयदेखि विद्यमान शिक्षक छनोट विधि विद्यालयहरूका लागि खर्चिलो तथा झन्झटिलोका अतिरिक्त विद्यार्थीहरूको पठनपाठन समेतमा बाधा पुगेको देखिएकोले प्राथमिक तहमा खुला प्रतिस्पर्धाद्वारा **शिक्षक बैंक** स्थापना गरी बरियताको रोल क्रम अनुसार रिक्त रहेका ठाउँमा नियुक्त गरिनेछ।

१८. सबै वडामा **अगुवा विद्यालय ( Leader School )** छनोट गरिनेछ। उक्त विद्यालयको व्यवस्थापन समिति र प्रशासनलाई फिडर विद्यालयहरूको अनुगमनमा प्रोत्साहित गरी शैक्षिक सुधारतर्फ अग्रसर गराइनेछ।

१९. सामुदायिक विद्यालयमा कार्यरत **शिक्षक प्रसुति बिदा**मा बसेको वा १५ दिन भन्दा बढि समय तालिममा रहँदाको अवस्थामा विद्यालयमा सिकाई सहजीकरण निरन्तरताका लागि **पालिका शिक्षकको बैंक** स्थापना गरी शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२०. स्थानीय पाठ्यक्रमको शिक्षक निर्देशिकालाई परीक्षणको रुपमा कार्यन्वयन गरी प्राप्त पृष्ठपोषणका आधारमा परिमार्जन गर्दै **"इस्मा परिदर्शन"** पाठ्यपुस्तक छपाईको व्यवस्था मिलाइनेछ।

२१. विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने **उत्कृष्ट विद्यालय व्यवस्थापन समिति**लाई प्रशंसित गरिनेछ।

२२. Green School Concept अनुसार विद्यालयमा स्वच्छ वातावरणका लागि**"रुख रोपौं, वातावरण जोगाऔं "**भन्ने नाराका साथ यथेष्ट कम्पाउण्ड उपलब्ध विद्यालयमा **फुलबारी** तयार गर्न लगाइनेछ।

२३.प्राविधिक तथा व्यवसायिक शिक्षालाई (कृषि, पशु, ओभरसियर, ल्याब, अमिन) प्राथमिकता दिदै **एक/एक** जनाको दरले **विपन्न** तथा **जेहेन्दार** विद्यार्थीलाई **प्राविधिक** विद्यालयमा अध्ययन गरेबापत **छात्रवृत्ति** प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४.माध्यमिक तहमा (कक्षा ११ र १२ समेत) निःशुल्क शिक्षा कार्यान्वयन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५.पालिकाभित्र प्रतिभाको पहिचान (Talent Hunt) गर्दै क्षमतावान कुशल नागरिकहरुलाई दक्ष र योग्य बनाउनको लागि लगानी गरिनेछ।

२६.गाउँपालिका अन्तर्गतका माध्यमिक तह सञ्चालित विद्यालयहरुमध्येबाट छनौटका आधारमा अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालनका लागि प्रोत्साहित गर्न **पालिका शिक्षक**को व्यवस्था गरिनेछ। आवश्यक कार्यविधि बनाई त्यस्ता शिक्षकलाई गाउँपालिकाद्वारा "**Easy Hire and Fire**" को अवधारणा अनुसार नियुक्ति गरिनेछ।

२७.इस्मा गाउँपालिका भित्रका आधारभूत (१-८ सञ्चालित) विद्यालयलाई **प्रविधिमैत्री** बनाउन कम्प्युटर, प्रिन्टर र इन्टरनेट जडान कार्यलाई निरन्तरता दिईनेछ।

२८.विद्यार्थीहरूका समस्या र शैक्षिक सुधार सम्बन्धी सुझाव सङ्कलन गर्न **विद्यार्थीसँग पालिका** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९.विभिन्न कारणले विद्यालय जानबाट वञ्चित रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई शैक्षिक सत्रको अन्त्यसम्ममै विद्यालयमा टिकाउन आवश्यक कार्यक्रम **उडान कक्षा सञ्चालन** गरिनेछ।

३०.निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु (जस्तै अभिभावक शिक्षा, प्रौढ शिक्षा, किशोरी कक्षा आदि) संचालन गरिनेछ।

३१.जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुको सम्पूर्ण मासिक शुल्क इस्मा गाउँपालिकाद्वारा प्रदान गरी छात्रवृत्ति दिइनेछ।

३२.इस्मा गाउँपालिकाको साझरता दर जिल्लामै सबभन्दा न्यून रहेकोले यसलाई क्रमश सुधार्दै लैजानको लागि प्रथमतः वडा नं. ५ मा साझरता अभियानको लागि पौढ शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

## २.२. स्वास्थ्य सम्बन्धी नीति

१. इस्माबासीको स्वास्थ्यमा सुधार गरी **"स्वास्थ्य जीवनको पूर्वाधार; खुसी इस्मालीको मूल आधार"** लाई प्राथमिकतामा राखी लक्षित वर्ग स्वास्थ्य अवस्थामा सुधार ल्याउने कार्यक्रम अघि बढाइनेछ।स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामाग्री व्यवस्था गर्दै नसर्ने रोग, मुटु, आँखा, महिला रोग, जस्ता दीर्घ रोगीहरुको अवस्था सुधार तथा उपचारका लागि **विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ।

२. पाँच वर्ष मुनिका बालबालिका, ८० वर्षमाथिका जेष्ठ नागरिक र गर्भवती महिलाहरुका लागि स्वास्थ्यकर्मीको सिफारिसमा इस्मा गाउँपालिका भित्रका **प्रयोगशाला परीक्षणमा निःशुल्क** निःशुल्क उपलब्ध गराइनेछ। गाउँपालिका भित्रका प्रयोगशालाहरुलाई व्यवस्थित गराउन प्रोत्साहन गरिनेछ।

३. इस्माली नागरिकहरूको सुलभ स्वास्थ्यपोचारका निम्ति **अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमाको** क्षेत्र फराकिलो गर्दै लगिनेछ ।विपदमा परेका तथा जटिल रोगीहरुको उपचारका लागि आवश्यक मापदण्डमा आधारमा सहयोग उपलब्ध गराइनेछ।

४. तोकिएका आधारहरु पूरा गरी पूर्ण संस्थागत प्रसुति वडा घोषणा भएका वडाहरुलाई सुनिश्चितता गर्ने र घोषणा गर्न बाँकी रहेका वडाहरुलाई घोषणा गरी आ.व. ०८१।०८२ मा इस्मा गाउँपालिकालाई **पूर्ण संस्थागत प्रसुति गाउँपालिका** घोषणा गरिनेछ।

५. आखाँ शिविर संचालन गरी मोतियाबिन्दु रोगको निःशुल्क अप्रेशनको व्यवस्था मिलाइनेछ । साथै विद्यालय विद्यालयहरुमा पुगेर विद्यार्थीहरुको निःशुल्क आँखा जाँच गरिनेछ।

६. ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई **घरघरमा गई स्वास्थ्य परीक्षण** गरिनेछ तथा अन्य जेष्ठ नागरिकलाई **टोलटोलमा स्वास्थ्य परीक्षण** तथा आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाइनेछ साथै स्वास्थ्य अन्तर्गतका सेवाहरु Tole To Tole रुपमा विस्तार गरिने छ।

७. विकास साझेदार संघ संस्थाको साझेदारीमा **एच.आई.भी. संक्रमितहरुलाई रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता विकास** गर्नका लागि विश्व एड्स दिवसको दिन पोषण तथा खाद्य सामग्री वितरण गरिनेछ।

८. वर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित गरी सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। गर्भवती र सुत्केरी महिलाहरुलाई निःशुल्क रुपमा **आइरन चक्की, क्याल्सियम र Follic Acid** निःशुल्क उपलब्ध गराइने छ।

९. सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निः शुल्क उपलब्ध गराइनेछ।

१०. समयसमय वडाहरुमा चिकित्सकको व्यवस्था सहित ज्येष्ठ तथा दीर्घ रोगीहरुको नियमित स्वास्थ्य परीक्षण गरिनेछ । पोषणमैत्री युक्त वडा घोषणा तथा पोषणमैत्री पालिका बनाउनको लागि तयारी गरिनेछ।

११. निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा **मेरो स्वास्थ्यः मेरो जिम्मेवारी** सचेतनामूलक कार्यक्रम लागु गरी नागरिकको पोषणयुक्त खानाको उपभोगमा जोड दिइनेछ।

१२. स्वास्थ्य सेवाको गुणस्तरको मापन गर्ने संयन्त्र स्थापना गरी नियमित रुपमा मापन गर्ने पद्धति लागु गरिनेछ।

१३. चिकित्सकसँग अनलाईनबाट परामर्श सेवाका लागि **Telemedicine** संयन्त्र लागु गरिनेछ।

१४. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि "नमूना स्वास्थ्य संस्था, नमूना स्वास्थ्यकर्मी अभियान" सुरु गरी **उत्कृष्ट**लाई प्रोत्साहित गरिनेछ।

१५. सम्बद्ध सरोकारवालाहरुको संलग्नतामा गाउँपालिकाको आपतकालीन **पूर्वतयारी एवं प्रतिकार्य योजना** बनाइनेछ।

१६. लैङ्गिक हिंसा र यौन हिंसामा परेका महिला तथा बालबालिका लागि OCMC सेवाका लागि जिल्ला अस्पतालसम्म पुर्याउनको लागि लैंगिक हिंसा निवारण कोष मार्फत सहयोग गरिनेछ।

१७. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन नागरिकको घरदैलोमा स्वास्थ्य पहुँच पुर्याउन महिला स्वास्थ्य स्वयमसेविकालाई परिचालन गरिने छ । गाउँपालिका भित्रका महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

१८.स्वास्थ्य संस्थाहरुलाई बाल, किशोरकिशोरी, अपांग तथा ज्येष्ठ नागरिक मैत्री बनाइनुका साथै नागरिकहरुको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरुमा जोड दिइने छ।

१९.समुदायमा आधारित स्वास्थ्य स्वयमसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था  जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी आत्महत्या न्युनिकरणसम्बन्धी सकरात्मक सोचसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

२०.शिक्षण संस्थाहरुसँग समन्वय गरी बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न **घुम्ति विद्यालय नर्स** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१.निजी औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको कानूनी व्यवस्था गरी सञ्चालन **अनुमति, नविकरण, सहजीकरण** र नियमन गरिनेछ।

२२.महिला स्वास्थ्य स्वयम सेविकाहरुसँग रहेको अक्षय कोष स्थापनाका लागि अध्ययन प्रक्रिया अगाडी बढाइने छ। स्वयम सेविकाको आत्म सम्मानलाई ध्यान दिई क्षमता विकास तालिम कार्यक्रममा जोड दिइनेछ।

२३.गरीब, अति विपन्न, सीमान्तकृत दलित, महिला बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपांगतामा भएका दीर्घ रोगीहरुलाई स्वास्थ्यमा पहुँच स्थापित गरिनेछ।

२४.महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य  तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, आइरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि पालिका स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ।

२५.आमा र बच्चाको मृत्युदर न्यूनीकरणका लागि गर्भवती/सुत्केरी विपद् कोष सञ्चालन गरिनेछ।

२६.गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरामुक्त काममा नलगाउने व्यवस्था मिलाइनेछ।

२७.गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय र सम्भव भएसम्म सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै **स्तनपान कक्ष**को व्यवस्था गरिनेछ।

२८.इस्मा गाउँपालिका क्षेत्रभित्रका सुत्केरी महिलाहरुलाई आमा र बच्चाको पोषण स्थितिमा सुधार ल्याउनको लागि **"सुत्केरी पोषण"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. गर्भवती महिलाहरुको लागि **निःशुल्क ग्रामिण अल्ट्रासाउण्ड** सेवालाई निरन्तरता दिइनेछ।

३०. पूर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ। साथै गा.पा. खोप दिवस मनाई पूर्ण खोपको अवस्थालाई हरेक वर्ष सुनिश्चित गरिनेछ।

३१. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

३२. आकस्मिक प्रसूति सेवालाई व्यवस्थित तथा थप जिम्मेवार बनाउन बर्थिङ्ग सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा अपरेशन गर्नुपरेमा लाग्ने एम्बुलेन्स खर्चको व्यवस्था मिलाईनेछ।

३३. स्वास्थ्य आमा समूहलाई सुदृढिकरण गर्ने कार्यक्रम राखिनेछ।

३४. नसर्ने रोगको रोकथामका लागि पेन प्याकेजलाई थप व्यवस्था गरिनेछ। यसलाई आवश्यक पर्ने सामाग्रीको व्यवस्था पनि गा.पा. बाट नै गरिनेछ।

३५. महामारीको पूर्व तयारी तथा व्यवस्थापनका लागि Rapid Response Team (RRT) लाई तयारी अवस्थामा राखिनेछ। साथै उक्त कार्यलाई औषधी खोप तथा स्वास्थ्य सम्बन्धी सामग्री तयारी अवस्थामा राखिनेछ।

३६. क्षयरोगको नयाँ रोगी पत्ता लगाउनका लागि समयसमयमा जोखिम स्थानहरु पहिचान गरी परीक्षण शिविर सञ्चालन गरिनेछ।

३७. महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदायमा स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ।

३८. ६० वर्ष पुरा भएका अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्व.से. स-सम्मान बिदाई कार्यक्रम राखिनेछ।

३९. म.स्वा.स्व.से. हरुको मासिक समीक्षालाई प्रभावकारी बनाइनेछ साथै म.स्वा.स्व.से यातायात तथा खाजा खर्चलाई निरन्तरता दिइनेछ।

४०. स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको नीति आवश्यक पर्ने फारम रजिस्टर छपाईका लागि यथोजित बजेट व्यवस्थापन गरिनेछ।

४१. सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री बनाइने छ।

४२. स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टरको लागि औजार उपकरणको खरिद तथा व्यवस्थापनका लागि उचित व्यवस्थापन गरिनेछ।

**४३.** आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधीहरुको उपलब्धतालाई निरन्तरता दिईने छ।

४४. **"स्वस्थ घर स्वस्थ गाउँ"** अभियान संचालन गरिने छ।

४५. बालविवाहलाई न्यूनिकरण अभियान संचालन गरिने छ। बालविवाह गर्नु अगावै वडाको सिफारिस आवश्यक रहने व्यवस्था लागु गरिनेछ।

४६. गाउँपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै आएर जन्माउनका लागि प्रोत्साहन गरिनेछ। यसका लागि गाउँपालिकामा रहेका स्वास्थ्य संस्था मार्फत वडामा रहेका गर्भवती महिलाको सूची नियमित रुपमा अद्यावधिक गरी प्रोत्साहन गरिनेछ।

४७. अत्यावश्यक औषधीहरुको उपलब्धता सुनिश्चित गर्न स्थानीय रुपमा देखिने रोगहरुको प्राथमिकता अनुसार औषधी खरिद गरी स्वास्थ्य संस्थामा बिरामीहरुलाई निःशुल्क वितरण गरिने छ।

४८. स्त्री रोग निवारणको लागि निःशुल्क रुपमा सेनेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिईनेछ।

४९. स्वास्थ्य संस्थाहरुमा सुशासन कायम राख्न सामाजिक परीक्षण गरिनेछ।

५०. विपन्न नागरिक आर्थिक सहायता कोषलाई निरन्तरता दिइनेछ।

५१.साठी वर्षमाथिका मधुमेह, उच्च रक्तचापका रोगीहरुलाई **निःशुल्क औषधी** वितरणलाई निरन्तरता दिइनेछ।

## २.३. आयुर्वेद

१. इस्मा गाउँपालिका वडा नं. ५ मा सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्रलाई आवश्यक प्रवर्धन गरिनेछ। उक्त केन्द्रको सहयोगमा पञ्चकर्म र योग अभ्यासलाई आरम्भ गरिनेछ। सो कार्यका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ।
२. नागरिक आरोग्य केन्द्र मार्फत जडिबुटी, योग तथा आयुर्वेद सम्बन्धी जनचेतनामूलक तालिमहरु सञ्चालन गरिनेछ।

## २.४ खानेपानी तथा सरसफाई

१. आर्थिक वर्ष २०८१/०८२ लाई **खानेपानी तथा सरसफाइ वर्ष**का निरन्तरता दिइनेछ। स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड र योजना निर्माण गरी सोको कार्यान्वयन र नियमन गरिनेछ।
२. नागरिकहरुलाई सफा स्वच्छ सुरक्षित र व्यवस्थित खानेपानीको व्यवस्था गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. गाउँपालिका भित्रका सबै लिफ्टिङ खानेपानीको सञ्चालन खर्चमा टेवा पुर्याउन विद्युत महसुलमा सहयोगलाई निरन्तरता दिइनेछ।
४. निस्ती बृहत खानेपानी र भुल्के खानेपानीलाई लक्षित गरी इस्मा मैदानमा ट्यांकी निर्माण गरिनेछ। साथै उक्त खानेपानी योजना मर्मत सम्भार र शुद्धिकरण समेत गरी दर्लामचौर, दोहली र रजस्थलमा पिउनेपानी सम्बन्धी समस्या समाधान गरिनेछ। गाउँपलिकामा ३०४२ घरधुरीमा सञ्चालित एक घर एक धारा कार्यक्रम लाई विस्तार गरि सबै घरधुरीमा विस्तार गरिनेछ।
५. खानेपानी महशुल दर निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गरिनेछ।
६. विद्यालयको तह अनुसार तोकिएको यूनिट बराबर खानेपानी समितिद्वारा नि:शुल्क खानेपानी सुविधा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
७. गाउँपालिकाभित्रका पुराना मूल पँधेरा तथा जलाधार क्षेत्रको मर्मत सम्भार र संरक्षण गरिनेछ।
८. खानेपानीको मूल पहिचानका आधारमा **मूल्य निर्धारण** गरिनेछ।
९. सार्वजनिक स्थलहरुमा **डस्टविन**को व्यवस्था मिलाई **फोहोरमैला व्यवस्थापन** गरिनेछ।
१०. व्यक्तिगत घरायसी, र वातावरणीय सरसफाइका क्रियाकलापहरु सञ्चालन गरिनेछ।
११. इस्मा गाउँपालिकाको वडा नं. ३, ४ र ५ का मैदानदेखि दोबाट दोहली हुल बाँझ, कल्यार, रामकोट, ठाडढुङ्गा, दर्लामचौर र पालुखामा खानेपानी समस्या पूर्णत समाधान गरी एक घर एक धारा कार्यक्रम ती स्थानमा सम्पन्न गरिनेछ।

## २.५. धार्मिक, साहित्य तथा संस्कृति प्रबर्द्धन, भाषा सस्कृति

१. गाउँपालिका क्षेत्रभित्र मनाइने पर्व, मेला, पूजा, परम्परागत जीवनशैली एंव सांस्कृतिक सम्पदाहरुको मूख्य परिचयात्मक विवरण समेटी इस्मा गाउँपालिकाको **सांस्कृतिक प्रोफाइल** (Culture Profile of Isma Rural Municipality) तयार गरी प्रकाशन गरिनेछ।

२. गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, वृक्ष आदिको अध्ययन अनुसन्धान अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

३. इस्माको प्राकृतिक, सांस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै इस्मालाई **नेपालको मानचित्रमा आकर्षक**, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकाश गर्नु पर्यटन क्षेत्रको दीर्घकालिन दृष्टिकोण रहनेछ ।

४. परम्परागत नाच, देउसी, भैलो, ल्होसार, तीज गीत, सराय, माघी पर्व, पञ्चेबाजा, मुर्चुङ्गा, सोरठी, भजन किर्तन र लोक संस्कृतिको सम्बर्द्धनका लागि देउसी भैलो तिज गीत सराय नाँच पञ्चेबाजा भजन प्रतियोगिता गरिनेछ ।

५. सबै समुदायको भाषा, सँस्कृतिको संरक्षण, कलाको विकास र विशेष गरी अल्पसंख्यक नागरिकहरुको संस्कृतिको संरक्षण र उत्थान गरिनेछ । गन्धर्व जातिको सारङ्गी बजाउने पेशा र गुरुङहरुको तमु ल्होसार कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ ।

६. सार्वजनिक जग्गा अतिक्रमण रोक्न इस्मा गाउँपालिका भित्रका सडक छेउछाउ, छल्दीखोला लगायतका खोलाको वारिपारि, मठ मन्दिर लगायत अन्यत्र स्थलका **सार्वजनिक जग्गा र सम्पत्ती संरक्षणका** निम्ति **विशेष कदम** चालिनेछ ।

७. स्थानीय स्तरका पर्यटकीय स्थलहरुका साथै अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्बर्द्धन कार्यमा स्थानीय निकायहरु, महिला, आदिवासी जनजाति, दलित र स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ ।

८. परम्परागत पानी घट्टा, ढिकी, जाँतोको संरक्षण र प्रवर्दन गरिनेछ साथै परम्परागत आरन सुधारका लागि प्रोत्साहन गरिनेछ ।

९. इस्मा गाउँपालिका निर्मित पुराना सार्वजनिक सम्पत्तिको संरक्षण एवम् मर्मत गरिनेछ ।

## २.६. युवा तथा खेलकुद

१. युवा क्लबहरुलाई दर्ता तथा नवीकरण प्रक्रियामा ल्याई मागको आधारमा आवश्यक खेलकुद सामग्री उपलब्ध गराइनेछ। साथै युवाहरुलाई खेल तथा सामाजिक अभियान कार्यक्रममा सहभागी गराइनेछ ।

२. **राष्ट्रका लागि युवा, युवाका लागि खेलकुद** भन्ने अभियान अन्तर्गत हरेक वडामा युवा, बालबालिकाको स्वास्थ्य एवम् बहुआयमिक विकासका निम्ति खेलमैदान बनाइनेछ ।जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुदमा संलग्न स्थानीय खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । प्रतिस्पर्धाको माध्यमबाट उनीहरू मा खेलको सीप निखार्न **इस्मा कप** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिकास्तरीय **इस्मा खेलकुद विकास समिति** स्थापना गरी क्रियाशिल बनाइनेछ ।

४. युवाहरुलाई दुर्व्यसनी र कुलतबाट मुक्त गर्न **नेपाल प्रहरी र स्थानीय संघ संस्था**को सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५. युवामा स्वयंसेवी भावना बढाउन,सामाजिक जिम्मेवारी बोध गराउन,विपद् व्यवस्थापनमा योगदान गर्न तथा **सामाजिक सुधारका** कार्यमा परिचालन गर्न **युवा स्वयंसेवा कार्यक्रम निर्माण** गरी संचालन गरिनेछ ।

६. **नमुना/युवा संसद (Youth Parliament)**को अभ्यास लगायतका कार्यक्रममार्फत् युवा सञ्जाल तथाक्लबमा आवद्ध युवाहरू को नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ।

७. इस्मा गाउँपालिकाको वडा नं. १ र २ स्थित जैंढुङ्गा विपि पार्कलाई पिकनिक स्पट र क्रिकेट खेलमैदानका रुपमा अघी बढाउन थप पूर्वाधार निर्माण गरिनेछ। जैढुङ्गा विपि पार्कमा खुल्ला क्रिकेट प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## २.७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. लैङ्गिक हिंसा र जातीय विभेद विरुद्धका अभियानलाई प्रभावकारी ढंगले अघि बढाइनेछ।

२. लैंङ्गिक हिंसा, शोषण, मानव वेचबिखन, विभेद यौन दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै **महिला उत्थान कार्यक्रम** सञ्चालनका लागि पहल गरिनेछ। हिंसा, सामाजिक विभेद, द्वन्द्व पीडित र दुर्व्यवहारमा परेका महिलाहरुलाई तत्काल उद्दार गरीराहत, आर्थिक सहयोग, उपचार, पुनर्स्थापना, कानुनी सहायता, मनोविमर्श तथा मनोवैज्ञानिक उपचार जस्ता कार्यका लागि **लैङ्गिक हिंसा निवारण कोष**लाई निरन्तरता दिइनेछ। सामाजिक कुरीति र दुर्व्यसनीमा

३. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (CEOA) र संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न महिला तथा बालबालिकाका लागि संरक्षण नीति कार्यान्वयन गरिनेछ।

४. पालिका भित्र भएका गलत अभ्यासहरु जस्तैः जातीय छुवाछुत, घरेलु हिंसा, वालविवाह, छोरा र छोरीमा विभेद, वोक्सी प्रथा लगायतका विषयमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

५. इस्मा गाँउपालिकालाई **लैंगिक हिंसा मुक्त** गाउँपालिका निर्माणका लागि रणनीति निर्माण गरिनेछ।

६. किशोरीहरुको क्षमता अभिवृद्धि गर्न **किशोरी यौन शिक्षा /कानूनी साक्षरता तथा बालविवाह विरुद्ध** कार्यक्रम सञ्चालन गरिनेछ।

७. लैंगिक डेक्सको स्थापना गरी फोकल पर्सन तोकि कार्यान्वयनमा ल्याइनेछ।

८. गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारिण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेका समुदायको अवस्था विश्लेषणको आधारमा लक्षित वर्गको फाइदा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ। जसअन्तर्गत महिला तथा लक्षित वर्गको क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास, क्षमता विकास र भाषण कला तालिमको सञ्चालन गरिनेछ।

९. स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमको अनुगमन, विश्लेषण मूल्याङकन गर्दा लै.स.सा.स.को विकास हुने कार्यक्रम सञ्चालन गरिनेछ।

१०. जनप्रतिनिधि र कर्मचारीका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

११. मानवबेचबिखन विरुद्वको दिवस, राष्ट्रिय बाल अधिकार दिवस, महिला अधिकार दिवस, अपाङ्गता दिवस, एड्स दिवस, किशोरी दिवस, अन्तरराष्ट्रिय सामाजिक लैङ्गिक हिंसा विरुद्वको १६ दिने अभियान,सामुदायिक स्वास्थ्य

स्वयंसेविका दिवस,अन्तराष्ट्रिय महिला दिवस लगायतका महत्वपूर्ण दिवसहरु प्रभावकारी रुपमा संचालन गरिनेछ।सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको दिन **उत्कृष्ट सामुदायिक स्वास्थ्य स्वयंसेविका**लाई सम्मान गरिनेछ।

१२.परापूर्व कालदेखि नै होच्याउने खालको नामाङ्करण गरिएका दलित बस्तीहरूका नाम बदली नया सम्मानजनक नामाकरण गरिनेछ।

१३.जलवायु परिवर्तनले महिलाहरुमा पारेको असर तथा प्रभावलाई न्यूनीकरणका लागि सचेतना कार्यक्रम गरिनेछ।

१४."दिगो विकासका लागि महिला सशक्तीकरण" भन्ने मान्यतालाई आत्मसात गर्दै महिलाहरुको लागि सचेतनामूलक र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। सँगसँगै सबै जातिका असल बुहारीलाई सम्मान गरिने छ।

१५.गाउँपालिका भित्र निर्माण हुने संरचनालाई **बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिक मैत्री** बनाइनेछ।

१६.महिला ,पुरुष लगायत लैंगिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने नीति लिइनेछ।

१७.आदिवासी जनजाति समुदायका संस्कृतिको संरक्षण गरिनेछ । उक्त समुदायमा विद्यमान सामाजिक कुरीतिहरु निवारण/न्युनिकरण गरिनेछ।

१८.जाँड र रक्सी समेतका **मादक पदार्थ सेवन नगर्ने** दलित र जनजाति समुदायका परिवारहरू सामाजिक सर्भेद्वारा पहिचान गरी त्यस्ता परिवारका बालबालिकालाई शैक्षिक साम्रगी नि:शुल्क प्रदान गरिनेछ।

१९.इस्मा गाउँपालिकामा बसोबास गर्ने सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले अति विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि व्यवस्था गरिनेछ।

२०.गरिब, अति विपन्न तथा वञ्चितिकरणमा परेका, पारिएका दलित, जनजाति, कुमाल समुदायका महिलाहरुलाई आयआर्जनमा वृद्धिको लागि स्थानीय सामग्री प्रयोग गरि सिप विकास तालिम प्रदान गरिनेछ।

२१.विकास निर्माण कार्यलाई **वातावरणमैत्री र दिगो विकास**को अवधारणा अनुरुप अगाडि बढाइनेछ।

२२.घरेलु हिंसा अन्त्यका लागि टोल विकास संस्था मार्फत बहस पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

२३.सामाजिक विभेदको न्यूनिकरण (छुवाछुत, सामाजिक कुरिती, अन्ध विश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु) टोल विकास संस्था मार्फत सचेतना कार्याक्रम संचालन गरिनेछ।

२४.समानुपातिक सहभागिता अन्तर्गत स्थानीय तहबाट गठन हुने समिति उप समितिहरु कार्यदल गठन गर्दा पूर्णरुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेसिता कायम गरि निर्णय प्रक्रियामा सहभागी गराइनेछ।

२५.सामुदायिक संस्था वा अन्य संस्था परिचालन गरि बालश्रम बालविवाह बहु विवाह दाइजो बोक्सी जस्ता प्रथाहरुको अन्त्य गर्नका लागि सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गरिनेछ।

२६.लैंगिक समानता तथा सामाजिक समावेसिकरण परीक्षणका लागि बजेटको व्यवस्था गरिनेछ।

२७.आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्प संख्यक समुदाय ,सीमान्तकृत ,कुमाल ,दण्दपिडित समुदायको सामाजिक र आर्थिक उत्थान सम्बनधि कार्यक्रम संचालन गरीनेछ।

२८.दिगो विकासका लक्ष्यलाई लक्ष्यमा पुर्याउनको लागि लक्ष्य नं. ५ लाई केन्द्रित गरी बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

२९.सयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३०.लैंगिक समानता तथा सामाजिक समावेशीकरण विकासका लागि विभिन्न सरोकारवाला निकायहरुबीच क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

३१.बेजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुबारे अभिमुखीकरण कार्यक्रम (जनप्रतिनिधि, कर्मचारी र लक्षित वर्ग) अगाडि बढाइनेछ।

३२.संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि, १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रम अगाडि बढाइनेछ।

३३.सरकारको निर्णायक तहमा महिला र पुरुषाको ५०/५० प्रतिशत महिला तथा वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वय गरिनेछ।

३४.मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा छुवाछुत विरुद्ध  कानुनी प्रक्रिया सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३५.लक्षित वर्गको लागि कम्तिमा १५ प्रतिशत छुट्टाइन कार्यान्वयन गरिनेछ।

३६.स्थानीय तहका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी बजेट तथा लै.स.सा.स. बजेट निर्माण गरी नियमित परीक्षण गरिनेछ।

३७.इस्मा गाउँपालिकाले नीति, कानुन र योजना जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिकोणले भए/नभएको विश्लेषण गरिनेछ।

३८.स्थानीय तहले कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको प्रतिनिधित्व समावेशीकरण हुने गरी रणनीति लिइनेछ।

३९.प्राकृतिक तथा मानवीय दुर्घटनाबाट हुने मानवीय क्षतिलाई कमी गर्नको लागि सजग र जिम्मेवार बनी सुरक्षा प्रथम भन्ने नीतिलाई अबलम्बन गर्दै महिलाहरुलाई प्राथमिक उपचार सम्बन्धी तालिम प्रदान गरिनेछ।

४०.महिला, बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी गा.पा. कार्ययोजना तर्जुमा गरिनेछ।

४१.लैंगिक हिंसा न्यूनीकरणका लागि सबै वडामा महिला सेल गठन गरी परिचालन गरिनेछ साथै वडा स्तरमा कानुनी सचेतना  कार्यक्रम सञ्चालन गरिनेछ।

४२.लैगिक हिंसा न्यूनीकरणका लागि साझेदारी संघसंस्था तथा प्रहरीसँगको साझेदारीमा समुदाय विद्यार्थी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४३.लैंगिक हिंसा पीडितहरुका लागि जिल्ला स्तरीय सेवाकेन्द्र सञ्चालनका लागि सहयोग उपलब्ध गराइनेछ । साथै अल्पकालीन आश्रय सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४४.महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## २.८. रोजगार

१) रोजगार सेवा केन्द्र मार्फत एकीकृत श्रम तथा रोजगारमूलक सेवा सञ्चालन गरिनेछ।

२) महिला उद्यमीहरुको अभिलेख तयार गरी विभिन्न संघसंस्थाहरुको सहयोगमा **एकल महिला आत्मनिर्भर कार्यक्रम** सञ्चालन गरिनेछ।

३) सीप सिकौं, उद्यमी बनौं अभियान अन्तर्गत हरेक वडामा अति विपन्न महिलालाई सीप प्रदान गरी उद्यमसँग जोडिने छ। उत्पादनको प्रवर्द्धन गरी निर्यातमूलक उद्योगको विकासका सम्भाव्यता अध्ययन गरिनेछ।

४) हाते ट्र्याक्ट्रर (मिनि टिलर) मर्मत सम्भार गर्ने **तालिम सञ्चालन** गरी रोजगार सृजना गरिनेछ।

५) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन र व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचीकृत भएका बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा प्राथमिकता दिइनेछ।

६) पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई समावेशीको न्यूनतम मापदण्ड तोकी श्रमिकलाई सञ्चालित आयोजनमा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।

## २.९. अपाङ्गता भएका, जेष्ठ नागरिक, बालबालिका तथा एकल महिला तथा पुरुष सम्बन्धी

१. जेष्ठ नागरिक परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ। **पचपन्न वर्ष माथिका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता** कार्यक्रमलाई निरन्तरता दिइनेछ। ५५ वर्ष माथिका अविवाहित **एकल महिला**हरुलाई जिविकोपार्जनका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ।

२. क वर्गको अपाङ्गता भएका नागरिकहरुलाई सम्मान गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अनुसार सिप विकास, प्रतिभामा सहयोग अपाङ्ग परिचय पत्र वितरणलाई सहज तरिकाले वितरण गरिनेछ। **'क' वर्गको अपाङ्ग परिचय पत्र** घरमै गएर वितरण गरिनेछ।

४. एकल महिलाको सामाजिक सुरक्षा मनोवलमा विकास गरी आय आर्जनमा सहयोग गरिनेछ । एकल महिलाहरुलाई सशक्तीकरण र जीविकोपार्जनको लागि **क्षमता विकास र सीप विकास**का कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. जेष्ठ नागरिकको सम्मान गर्दै जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभव हस्तान्तरणका लागि **बाआमासँग कार्यक्रम** सञ्चालन गरिनेछ।

६. अनाथ तथा अभिभावक विहिन बालबालिकाका लागि संरक्षण नीति अवलम्बन गरी उनीहरू का लागि सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
७. सबै मा.वि. मा बाल क्लब गठन गरी वडा पालिका स्तरीय बाल संजाल गठन गरिने छ।
८. मा.वि. तहका अनाथ, असहाय, अपाङ्गता र अति विपन्न बालबालिकालाई छात्रवृत्ति विद्यार्थीसँग अध्यक्ष कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ।
९. अन्तराष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरुका लागि सहायक समाग्री वितरण कार्यक्रम सञ्चालन गरिने छ।
१०.बालबालिकाको सर्वाङ्गिण विकासका निम्ति प्रत्येक बालबालिकाहरुसँग सम्वाद र अन्तरक्रिया माध्यमबाट उनिहरुलाई सिर्जनशील र असल व्यवहार प्रति प्ररित गर्न वडा र पालिकामा अर्धवार्षिक बाल भेला आयोजना गरिनेछ।
११. आजका बालवालिका भविष्यका कर्णधार भएकाले बालवालिकाको क्षमता विकास बहुप्रतिभाको विकास गराउन बालक्लब क्रियाशिल बनाउन विद्यालय स्तरमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## २.१०. सुरक्षित आप्रवासन कार्यक्रम

१. गाउँपालिकाले श्रम नीति बनाई रैथाने र आप्रवासी कामदार उपर हुने विभेद अन्त्य गरिनेछ।
२. वैदेशिक रोजगारीमा जान लागेका र गइसकेकाहरुले आफ्नो एक प्रति कागजात घरमै राख्न र विदेशबाट पठाउन प्रोत्साहन गरिनेछ। जसले गर्दा कुनै समस्यामा परेमा उद्दार राहत तथा समन्वयमा सहजता हुनेछ।
३. सुरक्षित वैदेशिक रोजगार सम्बन्धि चेतनामूलक होडिङबोर्डहरु तथा ब्यानरहरु विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ।
४. स्थानीय तहबाट श्रम स्वीकृती प्रकृयालाई अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ।
५. मनोसामाजिक परामर्श कार्यक्रमलाई विद्यालयका बालबालिकासम्म पुर्याउने कार्यक्रम सुरुवात गरिनेछ।

# ३. सुशासन, संस्थागत विकास र सेवा प्रवाह

## ३.१. संस्थागत तथा सुशासन

१. संघ, प्रदेश र गाउँपालिकाबाट संगठन सर्वेक्षण तथा व्यवस्थापन बमोजिम दरबन्दी तथा कर्मचारी व्यवस्थापन गरिनेछ।
२. नागरिक वडापत्रलाई सुधार तथा कार्यान्वयन गरिनेछ।
३. सेवा प्रवाहलाई सर्वसाधारणको पहुँचमा पुर्याउनका लागि घुम्ती स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ।
४. सेवाग्राहीलाई कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, सहजीकरण गर्ने आदी कार्यका लागि सहायता कक्षलाई थप प्रभावकारी बनाइनेछ।
५. विभिन्न क्षेत्रका उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ।
६. हरेक महिलाको पहिलो आइतबार "**जनतासँग जनप्रतिनिधि**" कार्यक्रम मार्फत प्रत्यक्ष सम्वाद कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

७. गाउँपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको व्यवस्थापन गरिनेछ।

८. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङकन LISA (Local Institutional Self Assessment) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङकन FRA (Financial Risk Assessment) र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण GESI Audit प्रणालीलाई थप व्यवस्थित बनाइनेछ।

९. आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत नीति, बजेट तथ कार्यक्रम अनुरुप संघसंस्था सहितको एकीकृत वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१०.गाउँपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा सेवाग्राहीलाई निवेदनको मस्यौदा, फोटोकोपी सेवाहरु निःशुल्क दिने व्यवस्था मिलाइनेछ। साथै गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथ संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ।

११.टोल विकास संस्थाहरूका पदाधिकारीलाई लेखा व्यवस्थापन र विविध शिर्षकमा अभिमुखिकरण प्रदान गरी विकास निर्माण र सामाजिक उन्नतिका काममा अग्रसर गराइनेछ।

१२.बोलपत्रको माध्यमबाट सार्वजनिक खरिदगर्नु पूर्व ईच्छुक बोलपत्रदाताहरूको पूर्व बोलपत्र बैठक आयोजना गरिनेछ।

१३.इस्मा गाउँपालिकाको हरेक महिनाको आय र व्यय विवरण ७ गते भित्र सार्वजनिक गरिनेछ।

१४.सेवा प्रवाहमा प्रविधिको उपयोगलाई प्रबर्द्धन गरिनेछ।

१५.गरीबीको रेखामुनि र सिमान्तकृत समुदायको उत्थानका लागि वर्ग लक्षित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६.**शिघ्र सेवा, तिव्र विकास**को अवधारणा अनुरुप गाउँपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवा नागरिकले छिटो, छरितो र प्रभावकारी ढंगले प्राप्त गर्न सकुन भन्ने उद्धेश्यले श्थापना गरिएको **नागरिक सहायता कक्ष (Help Desk)**लाई थप वयवस्थित गर्नका लागि कर्मचारीको व्यवस्था गरिनेछ।

१७.गाउँपालिका अन्तर्गतका सबै कार्यालय तथा विद्यालयहरुलाई सेवाग्राही मैत्री, सुविधायुक्त तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ।

१८.गाउँपालिकाको क्षमता विकास योजना निर्माण गरि ६०% भन्दा बढी पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

१९.नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक वर्ष २०८१/०८२ मा निरन्तरता दिइनेछ। ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्ष र विज्ञहरुको सुझाव तथा प्रशिक्षण लिने नीति लिइनेछ।

२०.सेवाग्राहीलाई सुशासनको अनुभूति दिलाइनेछ तथा **भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता**को नीति अवलम्वन गर्दै नीतिगत व्यवस्थाका साथै कार्यक्रम आयोजना कार्यान्वयमा हुन सक्ने अनियमितता भ्रष्टचार र अख्तियार दुरुपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गर्ने गराउने नीति लिइनेछ।

२१. विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टचार विरुद्ध शुन्य सहनशीलता सेवा प्रवाह निष्पक्षता र महिला तथा लक्षित समूहलाई अग्राधिकार दिइनेछ।

२२. गुनासो सुन्ने अधिकारी व्यवस्था गरी मैखिक, लिखित, SMS तथा अनलाईन मार्फत आएको गुनासो दर्ता गरी सम्बन्धित गुनासोकर्तालाई गुनासो सुनुवाइको अवस्थाबारे जानकारी दिने व्यवस्था गरिनेछ।

२३. गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गर्न करको दायरा विस्तार गरिदै लगिनेछ। उत्कृष्ट करदातालाई सम्मान र करछली गर्नेलाई दण्ड जरिवाना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४. गाउँपालिका क्षेत्रभित्र रहेका सबैप्रकारका सार्वजनिक सम्पतिहरुको क्षेत्रगत अभिलेखीकरण गरी संरक्षण र बहुपयोगमा ल्याउने कार्यलाई अगाडि बढाइने छ।

२५. **जनतासँग जनप्रतिनिधि** कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी  बनाइनेछ।

२६. सार्वजनिक सेवा प्रवाहलाई  पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक सुनुवाई** कार्यक्रम संचालन गरिनेछ।

२७. पारदर्शिता, जवाफदेहिता, कानुनको शासन र अनुमान योग्यता जस्ता सुशासनका आधारभूत पक्षहरुलाई पालिकाका सबै क्रियाकलापहरुमा अन्तरिकरण गरिनेछ। कर्मचारी तथा जनप्रतिनिधि दुवैमा जनता मालिक हुन् हामी उनीहरुका सेवक हौ भन्ने भावनाको विकास गरी सुशासनको लागि नागरिक सर्वोच्चता स्थापित गरिनेछ।

२८. कर्मचारी प्रशासनले स्वच्छ, निश्पक्ष, पारदर्शी, भ्रष्टचारमुक्त जनमुखी र सहभागीतामूलक बनाइनेछ।

२९. नागरिकहरुलाई सहजरुपमा राजश्व तिर्नका लागि विद्युतीय राजश्व प्रणालीलाई निरन्तरता दिइनेछ।

३०. दिगो विकास र सुशासनका लागि राज्य, नागरिक समाज र निजी क्षेत्रबिच समन्वय र सहकार्य वृद्धि गर्दै विकासको साझेदारी अवलम्बन गरिनेछ।

३१. वडा वडामा खुला दिशामुक्त वडा, घरघरमा शौचालय, पिउने पानी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन गर्दा महिलाहरुको सक्रिय सहभागिता गराउने व्यवस्था मलाइनेछ।

३२. पालिकाको प्रोफाइल (पार्श्व चित्र) लाई पालिकाको समग्र अवस्था सहितको खण्डिकृत तथ्याङ्क अद्यावधिक गरिनेछ।

## ३.२. न्यायिक समिति सम्बन्धी नीति

१. न्यायिक समितिमा परेका उजुरीहरुलाई आवश्यकता अनुसार सामुदायिक मेलमिलापकर्ता परिचालन गरी समाधान गरिनेछ।

२. न्यायिक समितिको **क्षमता अभिवृद्धि कार्यक्रम** सञ्चालन गरिनेछ।

३. मेलमिलाप सम्बन्धी **आधारभूत तालिम** (आठ दिवसीय) संचालन गरी सामुदायिक मेलमिलापकर्तालाई सूचीकृत गरी गाउँपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्याउने छ।

४. प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र मार्फत न्याय सम्पादनमा सहजीकरणका गरिनेछ, सामुदायिक मेलमिलापकर्ताहरुका लागि **पुर्नताजगी तालिम** प्रदान गरिने छ।

५. समाजमा हुने विभिन्न किसिमका **हिंसा,झगडा, वादविवाद र कुटपिट** लगायतका सामाजिक विकृतिको प्रवृत्तिलाई गर्न **कानुनी साक्षरता तथा सचेतना कार्यक्रम** संचालन गरिनेछ।

६. गाउँसभा र कार्यपालिकाबाट तर्जुमा हुने कानुनहरुलाई सरल, सहज बनाई असल कानुन निर्माणका लागि **कानुन तर्जुमा सम्बन्धी अभिमुखिकरण तालिम** सञ्चालन गरिनेछ।

७. गाउँपालिकाबासी नागरिकहरुका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका विवादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको सशक्तीकरण गर्दै गाउँपालिका अन्तर्गत सूचीकृत मेलमिलाप कर्ताहरुलाई सामाजिक सदभाव र मेलमिलाप कायम गर्ने सेतुको रुपमा प्रयोग गरी न्यायिक सम्पादन गरिनेछ।

८. न्यायिक समितिमा प्राप्त हुने उजुरीको शिघ्र एवम् प्रभावकारी रुपमा समाधान गर्नको लागि निश्चित दिन तय गरी नियमित रुपमा **इजालस सञ्चालन** गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

## ३.३. सूचना तथा सञ्चार प्रविधि

१. गाउँपालिकाको कार्यालय लगायत वडा कार्यालयमा डिजिटल बोर्ड विस्तार गरिने, गाउँपालिकाको मूख्य नाकाहरु झरना छिनुवा हुलाके बुल्म जोगिथुम दोहली मैदान कल्यार छेडा ठाडढुङ्गामा सिसिटिभि जडान गरिनेछ, जडान गरिएका सिसिटिभिलाई एकिकृत रुपमा Monitoring गर्ने प्रविधिको विस्तार गरिनेछ।

२. **E-Governance** को अवधारणालाई विस्तार गरिनेछ।

३. व्यक्तिगत घटना दर्तामा **अनलाइनप्रणाली**, राजस्व संकलनमा **सफ्टवेयर** र सामाजिक सुरक्षा भत्तामा वितरणमा **बैंकिंग प्रणाली**लाई निरन्तरता दिइनेछ।

४. माध्यमिक तह सञ्चालन भएका **विद्यालयहरुको Website** निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

५. गाउँपालिकाद्वारा सुरुवात गरिएको **प्रविधिमैत्री पालिका** निर्माण अभियानबाट सर्वसाधारणले समेत लाभ लिने गरी अनलाईन राजश्व योजना प्रणाली समेतको विषयमा **डिजिटल साक्षेरता** कार्यक्रम सञ्चालन गरिनेछ।

६. गाउँपालिकाद्वारा सञ्चालन गरिने विभिन्न योजनालाई प्रभावकारी रुपमा अनुगमनका लागि सूचना प्रविधिको प्रयोग मार्फत योजना व्यवस्थापन तथा अनुगमन प्रणाली थप व्यवस्थित बनाईनेछ।

७. कार्यालयमा दस्तावेज अभिलेखिकरण आन्तरिक प्रवलीकरण सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिनेछ।

८. गाउँपालिकाका सूचना नीति योजन कार्यक्रम बजेट ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेवसाईट मार्फत पारदर्शी रुपमा प्रकाशन गरिनेछ।

९. गाउँपालिकाबाट हुने भुक्तानीका लागि इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (EFT) लाई निरन्तरता दिइनेछ।

१०.वडा कार्यालय स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्युतीय हाजिरी व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

## ३.४. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी नीति

१. आगामी आ.व. २०८१।०८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीमध्ये अति अशक्त अवस्थामा रही बैंकसम्म आफैं पुगी खाता खोल्न नसक्नेहरुका लागि सम्बन्धित बैंकसँगको सहकार्यमा घरघरमै गई खाता खोलिदिने व्यवस्था गरिनेछ।

२. राष्ट्रिय परिचय पत्र दर्ता सहजीकरण कार्यक्रम मार्फत ओछयानमा परेका अति अशक्तहरुको लागि दर्ता स्टेशनमा ल्याउने तथा लैजाने कार्यका लागि आवश्यक सहजीकरण गरिनेछ।

३. सामाजिक सुरक्षा भनेको भत्ता मात्र हो भन्ने आम नागरिकको बुझाइलाई परिवर्तन गर्नका लागि सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ र टोल टोलमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले अनिवार्य रुपमा गर्नुपर्ने बायोमेट्रिक भेरिफिकेशनबारे जानकारी गराउने तथा सो डिभाइसको महत्व बुझाउने कार्यक्रम सञ्चालन गरिनेछ।

४. घरबाट नै घटना दर्ताको सूचना फाराम भर्नका लागि मोबाइल मार्फत अनलाईन सूचना फाराम भर्न सिकाउन प्रत्येक वडामा १ दिने तालिम सञ्चालन गरिनेछ।

५. राष्ट्रिय परिचय पत्रको दर्ता गराउन छुट भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीका लागि जिल्ला प्रशासन कार्यालयको समन्वयमा राष्ट्रिय परिचय पत्र दर्ता शिविर सञ्चालन गरिनेछ।

६. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल सहज र पहुँचयोग्य बनाउन हरेक वडाका टोलटोलमा पुगी भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ। साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई शिविरमा नै स्वास्थ्य परीक्षणलाई निरन्तरता दिइनेछ।

७. अनलाईनमा आधारित व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) र सामाजिक सुरक्षा भत्ता निरन्तरता दिईनेछ र समय-समयमा अपडेट गर्दै लगिनेछ।

### ३.५. राजश्व

१) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवं आत्मनिर्भर बनाउन राजस्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले कर तथा सेवा शुल्कका दरहरु निर्धारण गरिनेछ।

२) नागरिकहरुले बुझाउनु पर्ने सिफारिस दस्तुर सेवा शुल्क कर व्यवसाय दर्ता नवीकरण गर्ने व्यवस्था मिलाईनेछ साथै कर संकलनको लागि अनलाईन प्रणालीलाई व्यवस्थित गरी सबै करलाई करदाताको पहँचमा वृद्धि गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

३) गाउँपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन निर्माण गरिएको राजस्व सुधार कार्ययोजना बमोजिम मिलाईनेछ।

४) करदाताको सहजताका लागि आवश्यक कार्यविधि निर्माण गरी अग्रिम कर तिर्न सक्ने प्रबन्ध मिलाईनेछ।

५) गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थानमा प्रवेश शुल्कको नीति लिईनेछ।

६) अपांगता भएका तथा वञ्चितिकरणमा परेका व्यक्तिहरुलाई व्यवसाय दर्तामा पूर्ण छुट तथा नवीकरण शुल्कमा २० प्रतिशत कर छुट गरिनेछ।

७) गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ।

८) गाउँपालिका अन्तर्गतका करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ भने समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधा रोक्का गरिनेछ।
९) राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ।
१०) कर प्रणालीलाई व्यवस्थित गर्न प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ।
११) गाउँपालिका भित्र भाडा प्रयोजनका लागि प्रयोग भएका सबै भवनहरुलाई आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम वहाल करको दायरामा ल्याई घर वहाल करलाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ।
१२) गाउँपालिका भित्र उत्सर्जन भएका कवाडी सामग्रीहरुलाई व्यवस्थित गरी सरसफाईमा जोड दिन ठेक्का प्रकृया अवलम्बन गरी करको दायरामा ल्याईनेछ।
१३) राजस्व सुधार कार्य योजना कार्यान्वयन मार्फत करको दर यथावत राखी दायराहरु वृद्धि गर्दै लगिनेछ।

### ३.५. अन्तर पालिका भगिनी सम्बन्ध

१. देश भित्रका विभिन्न पालिकाहरुसँग समन्वय सहकार्य गरी भौतिक पूर्वाधार, फोहोरमैला व्यवस्थापन, कृषि उत्पादन बजारीकरणका निम्ति भगिनी सम्बन्ध अगाडी बढाइनेछ।
२. अनुभवको आदानप्रदान असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अबलम्बन गरिनेछ।

### ३.६. गैरसरकारी संस्था निजी साझेदारी क्षेत्र

१. यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय, सामुदायिक एवम् गैरसरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न NGO Desk स्थापना गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याइनेछ।
२. गाउँपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतको आधारमा विकास गतिविधिमा गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ।
३. विकासमा सार्वजनिक नीजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिनेछ । विकास निर्माणमा जनसहभागिता र नीति क्षेत्रको भूमिका समेत स्थापिक गरिदै लगिनेछ।

## ४. पूर्वाधार विकास

### ४.१. सडक पूर्वाधार

१. इस्मा गाउँपालिकाको भित्री चक्रपथ छल्दी ठाढुङ्गा नयाँपोखरा, मैदान दोबाट हुलाकेलाई स्तरोन्तती गरी खण्ड खण्डमा कालोपत्रे ग्राभेल एवम् ढलान गरिनेछ।
२. इस्मा गाउँपालिकाको भूगोलमा टाढा रहेको कोटकोटेरी तिम्लेखर्क सडक ग्राभेल गरिनेछ।
३. इस्मा गाउँपालिकाको हालसम्म सडकको पहुँचमा नरहेको कालमुडा र रिठेखोलामा बाटो पुर्याइनेछ।
४. इस्मा गाउँपालिकाका ऐतिहासिक इस्मा मैदान बजारको सडक स्तरोन्तती गरिनेछ।
५. पाँच लाख भन्दा कम लागतका योजनाहरू कुल पूजिगत बजेटको ३०% भन्दा कम राखिनेछ।
६. **सडक गुरुयोजना** तयार गरी गाउँपालिका स्तरमा बाटोको मापदण्ड निर्धारण गरेर सडक व्यवस्थित गरिनेछ ।इस्मा गाउँपालिका भित्रका मुख्य सडकमा नाली निर्माण सहित ग्रयाभल गरिनेछ। सडक यातायातको पहुँच नपुगेका स्थानहरुमा सडक निर्माण गर्ने तथा विद्यमान ग्रामिण सडकहरुको स्तरोन्नति गरिनेछ।
५. बहुवर्षीय एवम् गाउँपालिकास्तरीय ठूला तथा गौरवका योजना निर्माणमा आवश्यक बजेटका लागि संघीय तथा प्रादेशिक सरकारको सहयोग जुटाइनेछ।
६. इस्मा गाउँपालिकाभित्र रहेका घोरेटा बाटोहरुलाई मर्मत संम्भार गरिनेछ।
७. गाउँपालिका भित्रका सडकहरु मर्मत तथा हेरचाहका लागि मौसमी कामदारहरूको व्यवस्था गरिनेछ।
८. इस्मा गाउँपालिकालाई आवश्यक वार्षिक खरिद योजना स्वीकृत गरी लागू गरिनेछ।
९. इस्मा गाउँपालिका भित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोकिनेछ।
१०. भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजाइन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री/संवेदनशील संरचनाको प्रावधान गरिनेछ।

## ४.२. भवन आवास तथा सहरी विकास

इस्मा गाउँपालिका वडा नं. २ को कार्यालय भवन निर्माण कार्य सम्पन्न गरी भाडाको भवनबाट आफ्नै भवनमा स्थानान्तरण गरिनेछ। साथै अन्य वडाका कार्यालय निर्माणको लागी DPR गरिनेछ।

११. सुरक्षित विपन्न आवास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै अति अशक्त अपाङ्ग परिवारको घर निर्माण गर्न थप श्रोतको व्यवस्थापन गरिनेछ।
१२. इस्मा गाउँपालिकालाई **खरका छानामुक्त गाउँपालिका** घोषणा गरिनेछ।
१३. मनसुनजन्य आगालागी तथा जोखिम नियन्त्रण एवम् पुनर्निर्माण कार्यक्रमलाई निरन्तरता दिँदै निजि आवास निर्माण अन्तर्गतका लाभग्राहीलाई जिल्ला र प्रदेशको मापदण्ड पुरा गराई बाँकी किस्ता रकम प्राप्तिका लागि सिफारिस समन्वय

गरिने गुनासो सुनुवाई पश्चात लाभग्राहीमा समावेश रहेकाहरुको विवरण अनुसारका लाभग्राहीहरुलाई भवन निर्माण तथा मर्मत समयमै गर्न लगाई पुनर्निर्माणको कार्यलाई प्रभावकारी रुपमा समयमा कार्यान्वयन गर्नको लागि आवश्यक पहल गरिनेछ।

१४.गाउँपालिकाभित्रका गरिव विपन्न दलित जनजाति र सिमान्तकृत समुदायका लागि सुरक्षित आवासको व्यवस्थाका लागि जस्तापाता अनुदान उपलब्ध गराई निजहरुको छाना जस्तापाता द्वारा विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५.गाउँपालिका भित्रका मुख्य क्षेत्रहरुमा सडक सौर्य बत्ती जडान, घुम्ती Turning Mirror, Road Safety Sign राख्ने, सार्वजनिक शौचालय निर्माण गर्ने र आवश्यक स्थानमा प्रतिक्षालय निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१६.सामुदायिक भवनहरु निर्माण गर्दा प्रत्येक वडाहरुमा त्यहाँ क्रियाशील टोल विकास संस्था, आमा समूह, युवा क्लब लगायतका विभिन्न संघसंस्थाहरुले आ-आफ्नो छुट्टाछुट्टै भवन निर्माण नगरी एकीकृत रुपमा बहुउद्धेश्यीय प्रयोजनका लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधि संचालन गर्ने गरी निर्माण गर्ने नीतिलाई अंगीकार गरिनेछ।

१७.भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगायत पूर्वाधार संरचनाहरु (शौचालय, पुस्तकालय,छात्रावास, कम्पाउण्डीङ, खेलमैदान) को निर्माण कार्यलाई संघ, प्रदेश र अन्य दातृ निकायहरुसँगको सहकार्यमा निरन्तर अगाडी बढाइनेछ।

१८.जनतामा आधारभूत तथा विशेष स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका भित्र १५ शैया अस्पताल र स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई संघ र प्रदेश सरकारको समन्वयमा प्राथमिकतासाथ अगाडी बढाइने छ।

## ४.३. जलश्रोत तथा सिंचाई

१. खाद्यान्नवस्तु तथा अन्नमा आत्मनिर्भर हुन इस्मा गाउँपालिका भित्रका खोलाकिनारका फाँटमा संघीय र प्रादेशिक सरकारसँगको समन्वयमा सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व वृद्धि गरिनेछ।

२. सिचाँई क्षेत्रका साना, मझौला तथा बृहत सिंचाई योजनाहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ।

३. सिचाँई परियोजनाहरुमा सोलार लिफ्टिङको सम्भाव्यता अध्ययन गरिनेछ।

## ४.४ विद्युत् तथा संचार

१. विद्युत् प्रशासणलाई आबद्ध हुन बाँकी रहेका टोलहरुलाई प्रसारण लाइनमा आबद्ध गराउन साथै विद्युत् पहुँचमा पुग्न नसकेका घरपरिवारहरुलाई विद्युत् सेवाम आबद्ध गराइनेछ।

२. यस गाउँपालिकाका सबै गाउँटोल बस्तीसम्म संचार क्षेत्रको बिस्तार गरिनेछ। टेलिफोन, नेटवर्क सेवा प्रभावकारी हुन नसकेका क्षेत्रहरुमा नेपाल टेलिकम लगायतका सम्बन्धित निकायहरुसँग समन्वय गरी टेलिफोन सेवा प्रभावकारी बनाइनेछ।

३. इस्मा गाउँपालिका वडा नं. १,२ र ६ मा सामुदायिक विद्युतीकरणमा सम्बन्धमा नागरिकको सुझाव अनुसार आवश्यक व्यवस्था मिलाइनेछ। साथै अन्य वडामा विद्युत सुविधालाई व्यवस्थित गरिनेछ।
४. आगामी आ.व. मा **हाम्रो इस्मा, उज्यालो इस्मा** कार्यक्रम अन्तर्गत उज्यालो इस्मा गाउँपालिका घोषणा गरिनेछ।
५. विद्युत सुविधा विस्तार र व्यवस्थित गर्न **इस्मा विद्युत बोर्ड** गठन गरिनेछ। विद्युत सेवा नियमित गर्न हरेक वडामा एक जना विद्युत कर्मचारीको व्यवस्थालाई निरन्तरता दिइनेछ।
६. विपन्न वञ्चितिकरणमा परेका समुदायहरुलाई विद्युत पहुँचसम्म पुर्याउन निःशुल्क विद्युत मिटर प्रदान गरिनेछ।
७. महिला लगायत लक्षित समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायतका विभिन्न वैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
८. गाउँपालिकाभित्र रहेका सबै काठेपोल विस्तापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

### ४.५ अन्य पूर्वाधार विकास

१. गाउँपालिका अन्तर्गत निर्माण हुने ठूला आयोजनाहरुको कार्यान्वयन अगाडी सम्भाव्यता अध्ययन एवम् वातावरणीय प्रभावको समेत अध्ययन एवम् विश्लेषण गरी ठूला संरचना भवन एवम् पार्क निर्माण गर्दा विस्तृत परियोजा प्रतिवेदन (DPR) तयार गरी सोको आधारमा मात्रमा निर्माण कार्य अगाडी बढाइनेछ।
२. ग्रामिण क्षेत्रका गाउँबस्ती हुँदै खेत जंगल जोड्ने परम्परागत घोडेटो लगायतका सिढी बाटाहरु र पर्यटकीय क्षेत्रका पदमार्गहरुलाई परम्परागत पहिचान गरी नयाँ निर्माण एवम् मर्मत सम्भार गरी स्तरउन्नोति गरिनेछ।
३. गाउँपालिका एवम् संघ र प्रदेश सरकारको साझेदारीमा यस गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माणलाई उच्च प्राथमिकता दिइनेछ।
४. गाउँपालिकाको विकास आयोजनाहरुमा अधिकतम् जनसहभागिता गराउने नीति अबलम्बन गरिनेछ।

## ५ वन वातावरण तथा विपद् व्यवस्थापन

### ५.१. वन वातावरण तथा विपद् व्यवस्थापन

१. "हरियो वन नेपालको धन" भन्ने मूल नारालाई आत्मसात गर्दै वन तथा वन्य जन्तुको संरक्षण र वन पैदावरको उपयोगलाई व्यवस्थित एवम् आम उपभोक्ताहरुको हित हुने गरी सहज र व्यवहारिक बनाउनको लागि संरक्षण गर्ने विभिन्न संघसंस्थाहरु वन उपभोक्ता समिति र स्थानीय उपभोक्ताहरुसँगको सहकार्यमा जोड दिइनेछ।

२. विपद् व्यवस्थापनका लागि वर्षातका कारण उत्पन्न भलको परम्परागत निकास र आधुनिक व्यवस्थापन जस्ता आधारहरु लिई उचित व्यवस्थापन गरिने र त्यसबाट सडक, बस्ती, खेतीयोग्य जमीनमा हुने क्षतिलाई न्यूनीकरण गरिनेछ।

१) आगलागी, चट्याङ र मनसुनजन्य विपद्को कारण क्षति भएका घरहरुलाई संघीय र प्रादेशिक सरकारको समन्वयमा मर्मत तथा निर्माण गरिनेछ।

२) कुलो तथा बाँध संरक्षण गर्ने नीतिलाई आत्मसात गरिनेछ। पहिरो तथा भू-क्षयले गर्दा क्षति पुगेका कुलोहरुको मर्मत गरी अवरुद्ध भएको सिंचाइ सुविधालाई निरन्तरता दिइनेछ।

३) विपदमा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने र **विपद व्यवस्थापन कोषको कुल पुँजीगत बजेटको ०.५% भन्दा बढी रकम व्यवस्था** गरिनेछ। विपद व्यवस्थापनसम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना लागु गर्दै विपदमा संलग्न जनशक्तिलाई प्रशिक्षण र उपकरणको व्यवस्था मिलाइनेछ।

४) इस्मा गाउँपालिकामा **दिगो तथा वातावरण मैत्री विकास** गरी मानव अधिकारमैत्री विकासका लागि **हरित सडक**को अवधारणालाई प्रवर्द्धन गरिनेछ।

५) प्राकृतिक स्रोत साधन,माटो,  ढुङ्गा, गिटी, बालुवा, वन पैदावार लगायतको उत्खनन् र उपयोग लाई सम्बन्धित निकाय संगको समन्वयमा थप व्यवस्थित गरिनेछ।

६) विपद जोखिम क्षेत्रको पहिचान अध्यावधिक र नक्साकंन वातावरणिय क्षेत्र प्रवर्द्धनका लागि सबै वडाहरुमा परम्परागत दुई /दुई वटा पुन भरण पोखरी दुई वटा बर पिपल भएका चौपारी चौतारी निर्माण गरिनेछ।

७) वातावरण संरक्षणका लागि ५०% भन्दा बढी कार्यक्रममा टोल विकास संस्था तथा समुदायिक संघ संस्था निजि क्षेत्र र गै.स.सं को सहभगितामा कार्यक्रम तर्जुमा गरि लक्षित वर्गको सहभागितामा समेत कार्यक्रम संचालन गरिनेछ।

८) भविष्यमा थप विस्तार गर्न नपर्ने गाउँपालिकाको प्रमुख सडकको दुवैतिर हरियाली कायम गर्न स्थानीयको संलग्नतामा बिरुवा रोपेर स्थानीय समुदायलाई नै संरक्षणको जिम्मेवारी प्रदान गरिनेछ

९) वातावरणीय तथा पर्यावरणीयका साथसाथै विपद् न्यूनीकरणका निम्ति इस्मा गाउँपालिका भित्र सञ्चालन रहेका ढुङ्गा खानीहरुलाई नियमन र व्यवस्थापन गरिनेछ।

१०) वन डढेलो नियन्त्रणको लागि सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्य सामाजिक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११) विपद् उद्वार सामाग्रीको आवश्यक व्यवस्थापन गरिनेछ।

१२) विपदमा परेकाको उद्धार र पुनर्स्थापना सम्मका लागि रेडक्रस लगायत संघसंस्थाको सहकार्यमा एकीकरण भएका विद्यालयहरुको भवनलाई मर्मत सम्भार गरी GESI मैत्री सुरक्षित सेल्टर निर्माण गरिनेछ।

१३) विपद् व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयस्तरमा विपद् सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ।

१४) विपद्को क्षेत्रमा काम गर्ने संघसंस्थाको सहयोगमा गाउँपालिकाको विपद् जोखिम नक्सांकन (Hazard Mapping) गरिनेछ।

१५) वातावरण संरक्षणका लागि स्थानीय समुदायलाई विद्युतीय चुलोको उपयोग बढाउन तथा अति विपन्न परिवारका लागि सुधारिएको चुलो प्रयोग गर्ने नीति लिइनेछ।

१६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायलाई प्राथमिकता दिइनेछ।

१७) सबै गाउँ/वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन गरिनेछ।

१८) सम्भावित आगलागीको बेला आगो निभाउन इस्मा गाउँपालिकाको डाँडाहरुमा फायर Hydrant को कार्य गर्न Point हरुको व्यवस्था गरिनेछ।

१९) सामुदायिक वन उपभोक्ता समितिहरुलाई गाउँपालिकामा सूचिकृत गरिनेछ।

२०) अव्यवस्थित वनजङ्गलका कारण वन्यजन्तुको आतंक बढेकोले वन डिभिजन कार्यालय सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा वन व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२१) आगलागी सम्बन्धी विभिन्न सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरी आगलागी हुनै नदिन र भई हाले क्षति कम हुने तर्फ जोड दिइनेछ।

२२) वातावरण संरक्षणका लागि सडक छेउ खुला चौर धार्मिक तथा पर्यटकीय स्थलहरुमा सदवहार खालका विरुवाहरु तथा फलफुलका विरुवाहरु रोप्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२३) पलाष्टिक जन्य फोहोरको उचिव व्यवस्थापनका लागि टोलटोलमा फोहोर संकलन केन्द्र निर्माणको लागि समुदायलाई प्रोत्साहन गरिनेछ।

२४) वातावरणीय प्रदुषण नियन्त्रण (जल/वायु/ध्वनि/भुमि/खाद्य) नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

## ५.२. भूमि सम्बन्धी

१. भू उपयोग नीति निर्माण गरी जग्गा वर्गीकरण कार्यलाई अगाडी बढाइनेछ।

२. भूमिहिन सुकुम्बासी भूमीहिन दलित र अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरण कार्यमा संघ र प्रदेश सरकारसँग समन्वय र सहजीकरण गरिनेछ।

३. सार्वजनिक जग्गा तथा सम्पत्तीको पहिचा तथा संरक्षण गरिनेछ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु!**

प्रस्तुत नीति तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, तथा कर्मचारीहरूमा धन्यवाद दिन चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजनैतिक दलका प्रतिनिधिज्यूहरू, पदाधिकारीज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त

महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, गाउँ कार्यपालिकाका पदाधिकारी, गाउँ सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरू, कर्मचारी एवम् आम इस्माबासीको संयुक्त प्रयास आवश्यक छ । सदा झै इस्माबासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भइरहने आशा एवम् विश्वास लिएको छु ।

**०९ आषाढ, २०८१**

**भगत सिंह खड्का**

**सभाध्यक्ष**